राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

**पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।**

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

## तेस्रो चरणमा ७७% मतदान

काठमाडौं । स्थानीय तहको तेस्रो चरण निर्वाचनमा यसअघिको भन्दा बढी मत खसेको छ । निर्वाचन आयोगका अनुसार असोज २ गते भएको प्रदेश २ को निर्वाचनमा ७७ प्रतिशत मतदान भएको छ । आयोगले मतदानलगत्तै गरेको प्रारम्भिक प्रक्षेपणमा ७२.०६ प्रतिशत मत खसेको जनाएको थियो । तर आयोगको संयुक्त निर्वाचन सञ्चालन केन्द्र (जेईओसी) ले तयार गरेको अन्तिम विवरणअनुसार ७७ प्रतिशत खसेको पुष्टि भएको हो । सबैभन्दा बढी मत सर्लाही र रौतहट ८०.४ प्रतिशत खसेको छ । यसअघि पहिलो चरणको निर्वाचनमा ७३ प्रतिशत र दोस्रोमा करिब ७१ प्रतिशत मतदान भएको थियो । तेस्रो चरणको निर्वाचनबाट ६ हजार ६ सय २७ जनप्रतिनिधि निर्वाचित हुनेछन् । तेस्रो चरणको चुनावमा २ हजार १ सय ६४ मतदान स्थलका ३ हजार ५ सय ७५ मतदान केन्द्रमा मतदान सम्पन्न भएको हो । नगरपालिकाका प्रमुख, उपप्रमुख, गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, वडा सदस्य, महिला वडा सदस्य र दलित महिला सदस्यका लागि भएको प्रतिस्पर्धामा ३७ हजारभन्दा बढी उम्मेदवार छन् । यसअघि वैशाख ३१ र असार १४ मा दुई चरणमा गरी छवटा प्रदेशमा स्थानीय चुनाव सम्पन्न भइसकेको छ

कहाँ कति प्रतिशत मतदान ?

| क्र.सं. | जिल्ला | प्रतिशत (%) |
|---|---|---|
| १. | सप्तरी | ७६.४ |
| २. | सिरहा | ७७.४ |
| ३. | धनुषा | ७३.७ |
| ४. | महोत्तरी | ७३.३ |
| ५. | सर्लाही | ८०.४ |
| ६. | रौतहट | ८०.४ |
| ७. | बारा | ७९.४ |
| ८. | पर्सा | ८०.१ |

## कांग्रेस कार्यकर्ताको कुटाईबाट राजपा नेताको मृत्यु, राजपाद्वारा कारबाहीको माग



काठमाडौं । बुधबार राति ९:०० बजे रौतहटको कटहरिया नपा वडा नं. ८ वलुवा टोलमा नेपाली कांग्रेसका कार्यकर्ताको कुटाईबाट राष्ट्रिय जनता पार्टी नेपालका नेताको मृत्यु भएको छ । कांग्रेस र राजपा कार्यकर्ताबीच झडप हुँदा कांग्रेसको कार्यकर्ताहरूले निर्ममतापूर्वक राजपा नेपालका स्थानीय नेता ५० वर्षीय राम पुकार यादवलाई कुटेर गरेको हत्या गरेको राजपाको आरोप छ । राजपा नेपालका केन्द्रीय अध्यक्षमण्डलका संयोजक महन्थ ठाकुरले बिहीबार एक विज्ञप्ति जारी गरी गम्भीर ध्यानाकर्षण भएको जनाएका छन् । 'यस्तो कायरतापूर्ण र निन्दनिय घटनाको राजपा नेपाल घोर भर्त्सना गर्दछ ।' जारी विज्ञप्तिमा भनिएको छ । यस घटनाको तत्काल छानविन गरी दोषीहरूलाई पत्ता लगाई कडा भन्दा कडा कारवाही र मृतकलाई उचित क्षतिपूर्तिको राजपाले गरेको छ । 'साथै मृत आत्माको चिर शान्तिको कामना र भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दछौ र परिवारजन प्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।' ठाकुरले विज्ञप्तिमा उल्लेख गरेका छन् ।

## यसकारण सञ्चार प्रतिष्ठान मधेशी पत्रकारको नाममा बन्नु पर्छ

काठमाडौं । पत्रकारिता पेसालाई व्यावसायिक र मर्यादित बनाउन र सञ्चारकर्मीहरूको सीप तथा दक्षता अभिवृद्धि र अद्यावधिक गर्न सरकारले गठन गर्न लागेको आम सञ्चार राष्ट्रिय प्रशिक्षण प्रतिष्ठानलाई राजनीतिक रंग दिन चलखेल सुरु भएको छ ।
प्रतिष्ठानको नाम कृष्णप्रसाद भट्टराईको नाममा राख्न एक थरिले लविङ्ग गरिरहेको छ भने एमाले नेता पुष्पलाल श्रेष्ठको नाम जोडेर प्रतिष्ठानलाई राजनीतिक रंग दिने प्रयास जारी छ ।

> पत्रकारिता प्रतिष्ठान कसको नाममा गठन गर्ने विवाद गर्नेहरूले नेपालकै पहिलो पत्रकार रघुनाथ प्रसाद गुप्तालाई सम्झे हुन्छ । पत्रकारहरूको संस्था हुनुपर्छ भनि पहिलो संस्था खोल्ने इन्दु कान्त मिश्रा, पत्रकारितामै पहिलो स्नात्तकोत्तर गर्ने प्रा.डा. युगेश्वर वर्मालाई सम्झिनु पर्छ ।

सम्मानित नेताको नामलाई विवादमा नपार्ने गरी प्रतिष्ठानको नाम राख्न उपयुक्त हुने जानकारहरूको भनाइ छ । आमसञ्चार नीति र प्रतिष्ठानमा राजनीतिकरण नगर्न सुझाव पनि उनीहरूको छ । नेपालको पत्रकारिता क्षेत्रमा मधेशको योगदानको कदर स्वरुप अग्रज मधेशी पत्रकारको नाममा प्रतिष्ठान हुनुपर्छ ।
पत्रकारिता प्रतिष्ठान कसको नाममा गठन गर्ने विवाद गर्नेहरूले नेपालकै पहिलो पत्रकार रघुनाथ प्रसाद गुप्तालाई सम्झे हुन्छ । पत्रकारहरूको संस्था हुनुपर्छ भनि पहिलो संस्था खोल्ने इन्दु कान्त मिश्रा, पत्रकारितामै पहिलो स्नात्तकोत्तर गर्ने प्रा.डा. युगेश्वर वर्मालाई सम्झिनु पर्छ ।
यसैबीच आदिवासी पत्रकार महासंघ फोनिजले सरकारले गठन गर्न लागेको आम सञ्चार प्रतिष्ठानमा पूर्व प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईको नाम नराख्न माग गरेको छ । फोनिजले प्रतिष्ठानमा व्यक्तिको नाम जोडिए अस्वीकार गर्ने चेतावनी दिएको छ ।

तेस्रो चरणको स्थानीय तह निर्वाचनको प्रारम्भिक परिणाम (राती १० बजेसम्म)



| पार्टी | अग्रता | विजयी |
|---|---|---|
| नेपाली कांग्रेस | २८ | १० |
| नेकपा एमाले | २० | ८ |
| नेकपा माओवादी | १७ | ५ |
| राजपा नेपाल | १७ | ५ |
| फोरम नेपाल | १३ | ४ |
| लोकतान्त्रिक फोरम | १ | २ |

## प्रदेश नं. २ को निर्वाचन

# स्वीकारोक्ति र साझापनको पर्याय

**सरकारले संविधान संशोधन विधेयक संसदमा पेश गर्नुको अर्थ अब उक्त मुद्दा सरकारको भयो र उसले आफ्नो अनुकुल फेरि पनि पेश गर्न सक्छ भन्ने यर्थातलाई बुझेर नै मधेशी जनता निर्वाचनमा सहभागी भएर सांकेतिक सन्देश दिएका हुन् ।**

**मधेशवाणी डेस्क**

काठमाडौं । नयाँ संविधान जारी भएको ठिक एक दिन अगाडि असोज २ गते प्रदेश नं. २मा रहेको मधेशका ८ जिल्लाहरूमा स्थानीय तहअन्तर्गत तेस्रो चरणको निर्वाचन सफलतापूर्वक सम्पन्न भएको छ ।
तेस्रो चरणको निर्वाचन भएको जिल्लाहरूमा मतगणनाको क्रम चलिर हँदा देशले संविधान दिवस धुमधामका साथ मनाएको छ ।
तर, संविधान स्वीकार्य नभएको भन्दै आन्दोलन गर्दै आएको मधेसी दलहरूले त्यहि संविधानअन्तर्गत भएको तेस्रो चरणको स्थानीय तहको निर्वाचनमा सहभागिता जनाएर संविधानको स्वीकार्यताको दायरालाई झन फराकिलो पारेका छन् । तर उनीहरू संविधानलाई पूर्णरुपले स्वीकार गर्छ किन गर्दैन अझै अन्योल छ ।
संविधान निर्माणको काम शुरु भएदेखि नै मधेसी दलले त्यसमा आफ्नो अधिकार समावेश गराउन दबाब शुरु गरेका थिए । तर, दबाबमूलक आन्दोलनकैबीच संविधान जारी भयो । संविधान जारी भएपछि आन्दोलन झनै चर्कियो ।
संविधान जारी हुने निश्चित भएपछि २०७२ भदौ १ गतेदेखि सम्पूर्ण मधेश आन्दोलनमय भयो । आन्दोलनका क्रमका झण्डै ६० जनाभन्दा बढीको मृत्यु भयो र अन्ततः २०७२ असोज ३ गते नयाँ संविधान जारी भयो ।
संविधान जारी हुँदा राजधानीलगायत देशका अन्य भागमा दीपावली मनार हँदा मधेशमा भने ब्ल्याक आउट गरियो । यो संविधानलाई कुनै पनि हालतमा स्वीकार नगर्ने भन्दै मधेसी दल अर्थात तत्कालीन संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले थालेको संविधान विरोधी आन्दोलन बिना निष्कर्ष टुङ्गिए पनि मधेसमा संविधान संशोधनको माग



*मतदानका लागि लामबद्ध भएका सर्वसाधारण ।*

यथावतै रहेको छ ।
यद्यपी, प्रचण्डको नेतृत्वमा सरकार बन्दा तीन बुँदे सम्झौतामार्फत संविधान संशोधनको विषय मुख्य बनाइएको थियो । र, तत्कालीन प्रधानमन्त्री प्रचण्डले २०७३ मंसिर १४ गते संशोधन विधेयक संसदमा पेस गरे ।
राज्य पुनःसंरचनासहितको सो विधेयकलाई एमालेले कुनै पनि हालतमा स्वीकार नगर्ने अडान लिएपछि सरकारले त्यो विधेयक फिर्ता लिएर अर्को प्रस्तुत गरे ।
संशोधन विधेयक पेश मात्र नभई संशोधन स्वीकृत पनि हुनुपर्ने अडानमा रहेको राजपा नेपाल अन्ततः सुरक्षित अवतरण तर्फ लाग्यो । विधेयक संसदमा प्रस्तुत गर्न आग्रह गर्दै राजपाले जे परिणाम आए पनि स्वीकार गर्ने सहमति गरेपछि सरकारले संशोधन प्रस्ताव संसदमा पेश गऱ्यो तर संशोधन विधेयक फेल भयो ।
अन्ततः राजपा नेपालले त्यसलाई स्वीकार गर्दै असोज २ गते भएको स्थानीय तहको चुनावमा भाग लिए ।
यो चुनाव नयाँ संविधान अन्तर्गत नै भएको छ र, त्यसमा राजपा नेपाललगायत फोरम नेपालले समेत भाग लिएको छ । त्यसले संविधान स्वीकार भएको मानिन्छ भन्ने एक थरिको तर्क छ । यद्यपी निर्वाचनमा गए पनि मधेसी दलका नेताहरूले संविधान स्वीकार नगरेको दावी गर्छन् । उनीहरूको तर्क के छ भने बाध्यात्मक अवस्थामा निर्वाचनमा भाग लिए पनि संविधान स्वीकार गरेको अवस्था मानिने छैन् ।

**निर्वाचन र संविधान**

यद्यपी संविधानअन्तर्गत भएको निर्वाचनमा सहभागि भएर मधेसी दलले अप्रत्यक्ष रुपमा भएपनि संविधानको स्वीकार्यतालाई बढाएका छन तर यो नै अन्तिम उपलब्धी होइन । निश्चित रुपमा एउटा बाध्यात्मक परिस्थितिमा मधेसी दल निर्वाचनमा होमिएका हुन । तर मधेसका जनताले निर्वाचनमा देखाएको उत्साहजनक सहभागिताले उनीहरू पनि संविधान संशोधनको विषयबाट पछि हटेको भने अवश्य होइन । संशोधन अपरिहार्य छ भन्ने कुरा ठूला दलले पनि बुझनु जरुरी छ ।
सरकारले संविधान संशोधन विधेयक संसदमा पेश गर्नुको अर्थ अब उक्त मुद्दा सरकारको भयो र उसले आफ्नो अनुकुल फेरि पनि पेश गर्न सक्छ भन्ने यर्थातलाई बुझेर नै मधेशी जनता निर्वाचनमा सहभागि भएर सांकेतिक सन्देश दिएका हुन् । एकातिर सरकारले संशोधनको विषयलाई ग्रहण गरेको छ भने अर्कोतिर मधेसी जनताले पनि निर्वाचनलाई स्वीकार गरेको उत्साहजनक उपस्थिति देखाएर त्यसलाई सफल पारेका छन् ।



**मधेशमा एमाले कमजोर हुनु स्वाभाविक : – वरिष्ठ अधिवक्ता सुरेन्द्र महतो**



**अन्तिम मत परिणामसम्म र ाजपाले राम्रो स्थान ल्याउँछ : – रानी शर्मा तिवारी**

अन्तर्वार्ता पृष्ठ ३ मा

## थर्ड आई

बीपी साह



# मधेश र "भेंडातन्त्र"

**मधेशका अगुवाले आत्महत्या गरे, पछुवाले पनि देह त्याग गरे । मधेशीको रगतले रंगिएको संविधानमाथि मोहर लगाए । मधेशीहरु भेंडातन्त्रको शिकार हुँदै दासत्वलाई जारी राख्ने निर्णयमा पुगे ।**

गोर्खा साम्राज्य विस्तारको क्रममा परिवारवाद हावी भयो । श्री ३ तन्त्रमा पनि वरिवारवादले विस्तार पायो । राणाहरुले बाहुणलाई गुलियो र सत्ताभन्दा ढाँडा राख्दासम्म परिवारवाद नै जारी थियो नेपालमा । तर जब राणाहरुको पतन बाहुणहरुले गरायो त्यसपछि नेपालमा जातिवादले जरोकिल्लो गाड्यो ।

पृथ्वीनारायण शाहका सन्तानहरु सत्तामा विराजमान हुँदासम्म परिवार वाद र जातिवाद एउटै रथका दुई पांग्रा थिए । अखिल भारतीय नेपाली कांग्रेस जब नेपाली कांग्रेसमा परिणत भयो तबसम्म कोइराला परिवार नेपाली सत्तामा हावी भइसकेको थियो । जसको निरन्तरता ०७० को दशकसम्म रहनेछ ।

अब गोर्खा साम्राज्य जातीयतन्त्र अथवा जातीयवादको चरम विन्दुमा पुगेको छ । जहाँ नेपाली सत्ता एउटै जातिले घेरिएको छ भने सत्ता सञ्चालकहरु एउटै जातिका छन् । स्थायी सत्ताको ९० प्रतिशत हिस्सा एउटै जातिले ओगटेको छ । नेपाली राज्यमा सक्रिय दलहरुको राजनीतिक सिद्धान्त र अनुहार अलग देखिए पनि 'बाद' चैं 'जातिवाद' नै हो । त्यो जातिवादको शिकार क्षेत्रीयवाद भएको छ । दासत्वबाट मुक्तिका लागि गोर्खा साम्राज्यमा विद्रोहहरु भए । तर त्यो विद्रोहलाई जातिवादले सिध्याइएको छ ।

माओवादीले गरेको विद्रोह मुक्तिको एउटा मार्ग थियो तर माओवादीको वर्चस्वलाई जातिवादी भनेर अर्का जातिवादीहरुले विस्थापित गराइछाडे । हुन त माओवादीले जातीय पहिचान र एजेण्डलाई आफ्नो आन्दोलनको अस्त्र बनाएको थियो । उक्त अस्त्रलाई माओवादीले जोगाउन नसक्दा आफै समाप्त भयो । अब माओवादी पनि नेपालको सत्ता सञ्चालन गर्ने एक जातीय पार्टी बनिसकेको छ । माओवादी पनि कांग्रेस, एमाले र राप्रपाको चरित्र र सिद्धान्तमा पुगेको छ ।

तेस्रो मधेश विद्रोहका कारण स्थगित हुँदै आएको स्थानीय निर्वाचन असोज दुई गते सम्पन्न भएको छ । रोचक कुरा के छ भने मधेशीहरुले पहाडको तुलनामा अधिक प्रतिशत मत खसाएका छन् भने उत्साह पनि निकै देखिएको छ । अन्य ६ वटा प्रदेशमा भएको स्थानीय निर्वाचनमा ५ जना मारिएका थिए भने दुई नम्बर प्रदेशको निर्वाचन शान्तिपूर्ण भएको छ । विरोधका स्वरहरु पनि कहिँकतै सुन्न पाइएन ।

नेपाली सत्ताले मधेशीमाथिको दासत्वलाई कायम राख्न फालेको चुनावरुपी जालोमा सबै मधेशी फँसे । यतिसम्म फँसे कि एक वर्षअघि मात्रै आफ्ना छोरा-नातीलाई हत्या गरेका पार्टी र नेतालाईसमेत बिर्से । पहिलो र दोस्रो मधेश आन्दोलनका क्रममा मधेशी शहीदको हत्यारालाई बिर्से पनि तेस्रो मधेश आन्दोलनमा हत्या भएका मधेशीहरुको र गतको छिटो बाँकी नै छ होला । उनका श्रीमतिहरुले अहिलेसम्म सेतो सारी लगाएकी नै होली । तर तिनीहरुलाई मधेशीहरुले बिर्से र उनै हत्यारा सत्ता तथा पार्टीहरुमा मतदान गरे । अर्थात मधेशीहरुले आत्महत्या गरे ।

आत्महत्याको अर्थ आफ्नो आत्माबाट चेताएर आफ्नो शरिरको हत्या गर्नु हो । हो, मधेशीहरुले निर्वाचनमा सहभागी भएर आफ्नो आत्माको चिरशान्तिको कामना गरे भने नेपाली सत्ताका जातीय पार्टीहरुलाई मतदान गरेर आफ्नो देह त्याग गरे । देह त्याग गरे पछि मृत घोषणा हुन्छ । अब मधेशलाई मृत घोषणा गरे हुन्छ । दासत्वबाट मुक्तिको पहिलो खुर्किलो आवाज बुलन्द गर्नु हो । मधेशीहरु आवाज बुलन्द गर्दै थिए । तर उनीहरुले आवाज बुलन्द गर्ने क्रममै हार स्वीकार गरिसके र आफूलाई मृत घोषणा गरे । ज्ञात रहोस् दास र मृतमा धेरै अन्तर हुँदैन ।

भेंडातन्त्र विश्वकै समस्या हो । तर मधेशमा यो जटिल बन्न पुगेको छ । भेंडातन्त्रमा अगुवा भेंडाले आत्महत्या गरे पछुवा भेंडाहरु पनि आत्महत्या गर्छन् । हो, मधेशमा अगुवाहरुले आत्महत्या गरे । पछुवाहरुले पनि गरे । हुन पनि हो, दासहरुले उच्च कोटीको सपना पनि देख्न सक्ने हैसियत राख्दैनन् । मधेशमा दासत्व कायम रहेकोले पनि होला मधेशीहरुले मधेश विरोधी संविधानको विरुद्धमा सपनाहरु पनि देख्न सकेन होला । त्यसैले मधेशीको रगतमा लतपत गोर्खा साम्राज्यको नयाँ संविधानमाथि मधेशीहरुले मोहर लगाए । र, आफ्नो दासत्वलाई निरन्तरता दिने निर्णयमा पुगे ।

मधेश त्यस्तो भूमि हो, जहाँ राजा जनकले विश्वभरिका विद्धानहरुलाई जम्मा पारेर ज्ञानको आदान प्रदान गर्थे । मधेश सिर्जनशील थिए । बुद्ध, मैत्री, गार्गी, कुक्रिपाको ज्ञान बाँडिन्थ्यो । १९औं

बाँकी पृष्ठ ८ मा



## सम्पादकीय



# उत्साहप्रद निर्वाचनको सन्देश

तेस्रो तथा अन्तिम चरणको स्थानीय निर्वाचन प्रदेश नं २ का आठ जिल्लामा सोमबार सफलतापूर्वक सम्पन्न भएको छ। तेस्रो चरणको यो निर्वाचनले १ सय ३६ स्थानीय तहमा जनप्रतिनिधि छान्नेछ। यसअघि वैशाख ३१ र असार १४ गते भएको निर्वाचनबाट ६ सय १७ स्थानीय तहमा जनप्रतिनिधि बहाल भइसकेका छन्। 'मधेश राजनीति' को केन्द्र मानिने प्रदेश नं २ मा स्थानीय निर्वाचन सम्पन्न भएसँगै संविधान कार्यान्वयनले पनि महत्वपूर्ण खुड्किला पार गर्नेछ। आम मतदाताका लागि भने आफ्नो प्रत्यक्ष सरोकार रहने अधिकारसम्पन्न निकाय सञ्चालन गर्ने प्रतिनिधि छान्ने अवसर भएकाले यो निर्वाचनको विशेष महत्व छ। निर्वाचन हुने अन्तिम दिनसम्म पनि एक खालको आशंका थियो। प्रदेश २ मा 'चुनाव नहुने त होइन ?' धेरैले चिन्ता गरेका थिए। निर्वाचन सम्पन्न भइसक्दा पनि यति सहज ढंगमा होला र भन्नेहरू अझै छन्। २ असोजमा सम्पन्न निर्वाचनमा सर्वसाधारणको बाक्लो उपस्थितिले मधेशका नागरिक मतदान गर्न कति आतुर रहेछन् पुष्टि भएको छ। निर्वाचनमा सर्वसाधारणको उपस्थिति बाक्लिनुको अर्थ केवल आफ्ना प्रतिनिधिलाई सत्तामा पुऱ्याउनु मात्रै होइन, उनीहरू आफ्नो ठाउँको विकासप्रति सचेत र आशावादी छन् भन्नेमा प्रमुख राजनीतिक दल सचेत हुनैपर्छ।

> मधेशमा देखिएको यो उत्साहले मधेशका नागरिक विकासप्रति कति आतुर छन् भन्ने पुष्टि मात्रै गरेको छैन। आफ्नो प्रतिनिधिलाई आफैंले चुनेर पठाएपछि आफ्ना समस्या सम्बोधन हुन्छ भन्नेमा मधेशका नागरिक क्रमशः सचेत हुँदै गएका छन्।

मधेशमा देखिएको यो उत्साहले मधेशका नागरिक विकासप्रति कति आतुर छन् भन्ने पुष्टि मात्रै गरेको छैन। आफ्नो प्रतिनिधिलाई आफैंले चुनेर पठाएपछि आफ्ना समस्या सम्बोधन हुन्छ भन्नेमा मधेशका नागरिक क्रमशः सचेत हुँदै गएका छन्। मुलुकमा संघीय गणतन्त्र लागू भए पनि मधेसमा अझै विभेद रहेको जगजाहेरै छ। मधेशमा विभेद छ भनेर कुनै दल वा समुदायको आलोचना गर्न खोजिएको होइन। मधेसका केही गाउँमा अहिले पनि अन्धविश्वास यति व्याप्त छ।

निर्वाचन परिणाम आउने क्रम जारी छ। तसर्थ, यही दलले धेरै सिट जित्छ भनेर आजै भन्न सकिन्न। के कुरा प्रस्ट हो भने धेरै सिट जित्ने दलले 'हामीले त धेरै सिट जित्यौं भनेर मौन बसे भने आगामी अहिलेको ठूला पार्टीका नेताहरूलाई आगामी दिनको राजनीतिक यात्रा उति सहज हुनेछैन। जो निर्वाचनमा विजयी हुन सक्दैनन् ती दलका नेताहरूले पनि आफ्ना एजेन्डालाई जनताका बीचमा राखिरहन जरूरी छ।

स्थानीय तह पुनःसंरचनापछि यो पहिलो निर्वाचन हो। निर्वाचनपछि छानिने जनप्रतिनिधिले पहिलोपटक कार्यकारिणी, व्यवस्थापकीय र न्यायिक भूमिका निर्वाह गर्दै छन्। यसको अर्थ स्थानीय तहले आवश्यक कानुन, नियम बनाउँदै स्रोतसाधन व्यवस्थापन, परिचालन र केही मुद्दा निरूपणको कामसमेत गर्नेछन्। त्यसैले मतदानमा सहभागी हुनु भनेको गाउँरनगरको समृद्धिको ढोका खोल्नु पनि हो।

## साताको सात बात



जुन संविधान मैले दिएको छु, अब त्यो लागू भइरहेको छ भने यो भन्दा बढी खुसी मेरा लागि अरू के हुन्छ ? विभिन्न दलका नेता कार्यकर्ता गम्छा भिरेर दुई नम्बर प्रदेशमा चुनावमा लागे पहाडे र मधेशी भन्ने सबै बिर्सिए यो देख्दा मलाई धेरै खुसी लागेको छ। – **डा.रामवरण यादव, पूर्वराष्ट्रपति**



नयाँ संविधान निर्माणसँगै मुलुकको राजनीतिक संक्रमण अन्त्य भएको छ। संविधान निर्माणसँगै लोकतन्त्रको संस्थागत विकास, स्थानीय, प्रादेशिक र संघीय निर्वाचनका लागि स्पष्ट मार्गचित्र निर्माण भएको छ। – **विद्यादेवी भण्डारी, राष्ट्रपति**



तराई मधेशका जनता अल्मल्याउने कुरासँग सहमत छैनन्, स्थिरता चाहन्छन् भन्ने विषय सिद्ध भएको छ। निर्वाचन परिणामले मधेशी दलहरूलाई पाठ सिकाएको छ। तराईमा कांग्रेस एकातिर र अरू सबै पार्टी अर्कोतिर हुनुपर्ने हो। – **रामचन्द्र पौडेल, नेता, नेपाली कांग्रेस**



चुनावमा जान नचाहेका शक्तिलाई २ नम्बर प्रदेशको चुनावमा खसेको मत प्रतिशतले राम्ररी झापड दिएको छ। जनता चुनाव चाहन्छन् भन्ने कुरा ७० प्रतिशतमाथि मत झर्नुले प्रष्ट गरेको छ। स्थानीय तहको चुनाव सम्पन्न भएसँगै अब मुलुकले विकासमा गति लिन्छ। – **माधव नेपाल, नेता, नेकपा एमाले**



आन्दोलनमा लागेकाहरू प्रतिबद्ध भएर राजपालाई मत दिए भने पद र पैसाका लागि आएकाहरू टिकट नपाएको भोकमा हराउन लागें। कसले कति मनी र मसला प्रयोग गऱ्यो, त्यसै आधारमा मतपरिणाम आएको छ। वास्तवमा यो सैद्धान्तिक मत होईन। – **राजेन्द्र महतो, अध्यक्ष मण्डलका सदस्य, राजपा नेपाल**



संविधानको पूर्ण कार्यान्वयनका लागि स्थानीय तहको निर्वाचन सम्पन्न भइसकेको र अब प्रदेशसभा तथा प्रतिनिधिसभाको निर्वाचन गराउनेतर्फ सरकार उच्च प्राथमिकताका साथ लागिपरेको छ। – **गोपालमान श्रेष्ठ, उपप्रधान एंव शिक्षामन्त्री**



हामीले मागे अनुसारको चुनाव चिन्ह समयमा नै नपाउनु र निर्वाचनको तयारीका लागि पर्याप्त समय नहुनुले चुनावी नतिजामा राजपा दोस्रो ठूलो दल बन्नुपर्ने स्थिती आएको हो। राजपा प्रदेश नम्बर २ मा दोस्रो ठूलो दल बन्छ। **मनिष सुमन, महासचिव, राजपा नेपाल**

*प्रस्तुती : संगीता रेग्मी*

# कहाँ चुक्दै छन् दलहरू ?



**ललित कुमार यादव**

> निर्वाचन सौहार्दपूर्ण वातावरणमा सम्पन्न भए पनि मधेशको आक्रोश शान्त हुन सक्दैन। मधेशको आक्रोश शान्त नभई मधेशले समृद्धिको बाटो लिन असम्भव छ। सबै समस्याको समाधानको रूपमा निर्वाचनलाई लिनु हुँदैन। निर्वाचन सम्पन्न हुँदैमा मधेशको समस्या समाधान भएको भ्रम पाल्नु हुँदैन दलहरूले।

दशकौंदेखि नेपालमा पटक पटक राजनीतिक आन्दोलनहरू हुँदै आएको छ। आन्दोलनमा जनताको सहभागितामा कुनै कमि हुँदैन। आन्दोलनले राजनीतिक व्यवस्था परिवर्तन गर्नुका साथै नेताहरूलाई स्थापित गर्दै नेतृत्वमा पुऱ्याउँदै आएको छ। यस वीचमा धेरै नेताहरूले देश हाक्ने अवसर प्राप्त गरे पनि कसैले जनभावनाको कदर गर्न नसकेकोमा कुनै शंका छैन। आन्दोलनको सफलता पश्चात नेताहरू सत्ताको खेलमा मात्र केन्द्रित हुने गरेका छन्। नेताहरू जनताको मुहारमा मुस्कान ल्याउन चुक्दै आएका छन्। जनताहरू आफ्नो जीवनस्तर उकास्न सक्ने र देश विकास गर्ने गरी काम गर्न सक्ने नेताको पखाईमा रहेका छन्।

जन आन्दोलन २०६२/०६३ को सफलता पश्चात एक दशक लगाएर नेताहरूले संविधान जारी गर्न सफल भएका छन्। संविधान कार्यान्वयन गर्न मुलुक अहिले निर्वाचनमा होमिएको छ। यससँगै मुलुकमा राजनीतिक स्थिरता कायम हुने र नेताहरू देश विकासमा केन्द्रित हुने अपेक्षा आम नेपाली जनताको रहेको छ। तर अहिले सम्म मधेशमा राजनीतिक स्थिरता कायम हुने संकेत देखिएको छैन। संविधान जारी भएदेखि नै आन्दोलित हुन पुगेको मधेशको आन्दोलनले पूर्ण रूपमा निकास पाइसकेको अवस्था छैन। आन्दोलन रोकिएको मात्र हो सकिएको छैन। मधेशको अस्थिर राजनीतिले सम्पूर्ण देशको राजनीतिलाई अस्थिर वनाइ राख्नेमा कुनै शंका छैन। मधेशको समस्या सामाधान गर्नुको विकल्प छैन। यसमा दलहरू चुक्दै आएको छ।

अहिले तेस्रो चरण अन्तर्गत २ नं. प्रदेशमा स्थानीय तहको निर्वाचन सम्पन्न भएको छ भने मतपरिणाम आउने क्रम जारी रहेको छ। यस अघिको निर्वाचन वाहिस्कार गर्दै आएको र संशोधन विनाको निर्वाचनमा सहभागी हुनै नसक्ने अडानमा रहेको राजपा पनि निर्वाचनमा सहभागी भएको छ। सदनमा संशोधन विधेयक माथि भएको मतदानको नतिजालाई स्विकार गर्दै राजपा आफ्नो अडानबाट पछि हट्न बाध्य भएको छ। तर राजपाले संशोधनको माग छोडिसकेको भ्रममा पर्नु गलत सावित हुन सक्छ। भारत भ्रमणको क्रममा प्रधानमन्त्रीले दिएको अभिव्यक्तिले समेत यसलाई प्रष्ट पारिसकेको छ। मधेशलाई आधार क्षेत्र वनाएर राजनीति गरिरहेका मधेश केन्द्रित दलहरूले मधेश मुद्दाको नेतृत्व गर्न नसकेमा उनीहरूको अस्तित्व खतरामा पर्नेमा शंका छैन। तसर्थ मधेशकेन्द्रित दलहरू मधेश मुद्दालाई सम्बोधन गराउन संघर्षबाट पछि हट्न सक्दैन। आफ्नो अस्तित्व जोगाई राख्न पनि मधेश केन्द्रित दलहरूले संघर्षको बाटो रोज्नै पर्ने हुन्छ।

यस अघि पटक पटक सरेको २ नं. प्रदेशको स्थानीय तहको निर्वाचन सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको छ। राजपाको रहभागीताले निर्वाचनको वातावरणमा निकै बढोत्तरी आएको थियो। उत्साहपूर्ण वातावरणमा भएको मतदान यसको उदाहरण हो। यसले मंसिरमा हुने प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचन पनि सौहार्दपूर्ण वातावरणमा सम्पन्न हुने संकेत गरेको छ। निर्वाचन सौहार्दपूर्ण वातावरणमा सम्पन्न भए पनि मधेशको आक्रोश शान्त हुन सक्दैन। मधेशको आक्रोश शान्त नभई मधेशले समृद्धिको बाटो लिन असम्भव छ। सबै समस्याको समाधानको रूपमा निर्वाचनलाई लिनु हुँदैन। निर्वाचन सम्पन्न हुँदैमा मधेशको समस्या समाधान भएको भ्रम पाल्नु हुँदैन दलहरूले।

संशोधन असफल हुनुको मूख्य कारण एमालेको असहयोग नै हो। कांग्रेस र माओवादीले आवश्यक बहुमत जुटाउन नसक्नु उनीहरूको कमजोरी हो। सरकार बनाउन आवश्यक बहुमत जुटाउन संशोधन गर्ने सम्झौता गरेकै हो कांग्रेस माओवादी गठबन्धनले। सक्दै नसक्ने सम्झौता गर्नु हुँदैनथ्यो। एमालेले संशोधनमा सघाएर रापजालाई विश्वासमा लिन सक्थ्यो तर एमाले आफ्नै अडानमा कायम रहने निर्णय लियो। अहिले एमालेका नेताहरू एमाले मधेश विरोधी पार्टी नरहेको प्रमाण दिँदै हिंड्दै छ। सत्ता लोभका कारण माओवादीसँग टाढिन पुगेका एमाले राजपासँग पनि टाढिएको छ। मधेशी जनतासँग पनि टाढिएको प्रमाण अहिले जारी रहेको निर्वाचनवाट एमालेले पाउने छ। अहिलेसम्म पहिलो स्थान प्राप्त गर्न सफल एमालेको स्थान मधेशी मतदाताले निर्धारण गर्नेछ।

मधेश समस्या समाधान नहुनुमा मधेश केन्द्रित दलहरूको पनि उत्तिकै दोष रहेको छ। समान मुद्दा बोक्ने, आन्दोलनमा सँगै जाने तर निर्वाचनमा तालमेल समेत गर्न नसक्नु मधेश केन्द्रित दलहरूको ठूलो गल्ती हो। एउटै झण्डा मुनि गोलवद्ध भई मधेशको मुद्दा सम्वोधन गराउन मिलेर संघर्ष गर्नुपर्ने मधेश केन्द्रित दलका नेताहरू मन्त्री खान पार्टी फुटाएको यथार्थ कसैसँग लुकेको छैन। विचार र मुद्धा नमिल्दा पार्टि फुट्नु स्वाभाविक नै हो तर मन्त्रीको कुर्सीका लागि फुटाउनु जायज होइन। सदनमा अंक गणितको ठूलो महत्व हुन्छ। मधेशको मुद्दा सम्वोधन गराउन मधेश केन्द्रित दलहरूले सदनमा उपस्थित वढाउनुको विकल्प छैन। यसको लागि मधेश केन्द्रित दलहरू विच एकताको आवश्यकता छ।

संविधान संशोधन भएको भए पनि मधेशको सम्पूर्ण समस्या समाधान हुने थिएन। संशोधनले मधेशलाई राहत दिने काम मात्र गर्दथ्यो। मधेशको राजनीतिक समस्या वाहेकको समस्या माथि मधेश केन्द्रित दलहरूले नजर पुऱ्याउनै सकेको छैन। मधेशमा राजनीतिक चेतनाको एकदमै कमी रहेको छ। शहरिया र शिक्षित वर्ग राजनीतिक रूपमा सचेत रहेको भएपनि ग्रामिण क्षेत्रका जनताहरूमा राजनीतिक चेतनामा निकै कमि रहेको छ। कुनै पनि दलले मधेशमा राजनीतिक प्रशिक्षण चलाएको देखिदैन। जनता चेलनशिल नभई विकासको क्रमलाई तिव्रता दिन अलि गाह्रो नै हुन्छ। मधेशका अधिकांश जनताले के शिर्षकमा कति वजेट आएको समेत थाहा पाउँदैनन। आएको वजेटवाट के काम भयो र कति रकम खर्च भयो भन्ने कुरा अधिकांश मधेशी जनताले थाहा पाउदैनन। जनस्तरमा खवरदारी नभई मधेशमा विकास निर्माणको कामले गति लिन सक्दैन। राजनीतिक चेतनाको कमिकै कारण मधेशको निर्वाचनमा पडाहको तुलनामा पैसाको वढि चलखेल हुने गरेको छ। पैसा खर्च नगरी मधेशमा निर्वाचन जित्न असम्भव जस्तै भैसकेको छ। अहिले जारी रहेको निर्वाचनमा पनि यहि संकेत देखिएको छ।

मधेशमा सामाजिक विकृतिको रूपमा रहेको छुवाछुत, वालविवाह, दाइजो प्रथा र महिला हिंसा आदि व्यापक रहेको छ। पडाहमा सामाजिक विभेदमा निकै कमि आइसकेको छ। पडाही समुदायको चेतनामा दिनप्रति दिन वृद्धि भई रहेको छ। मधेशी समुदाय पछाडि परेको परै छ। मधेशको नाममा राजनीति गरी रहेका मधेश केन्द्रित दलहरूले मधेशको यी समस्याहरू प्रति ध्यान केन्द्रित गर्नै सकेको छैन। यस्ता विकृतिहरूको अन्त गर्नुपर्ने दायित्व मधेश केन्द्रित दलहरूको पनि हो। मधेशका डोम, मुसहर, भचमार लगायतका पिछडिएका जातिहरूलाई समान अधिकार र इज्जत प्रधान नगरी मधेशमा समानता कायम हुा सक्दैन। यो ती जातिहरूको अधिकार हो। विगत देखि नेपालका शासकहरूले मधेशसँग गर्दै आएको विभेदको अन्त गर्न मधेशभित्रै रहेको विभेदको अन्त हुन जरूरी छ। मधेश केन्द्रित दलहरूले सामाजिक कान्ति गर्न सकेको छैन।

भौगोलिक हिसावले मधेश नेपालको सुगम भू-भाग हो। मधेशलाई नेपालको अन्न भण्डारको रूपमा पनि चिनिन्छ। मधेशको भू-भाग हरेक दृष्टिले उपयुक्त भएपनि मधेशको आजको अवस्था दर्दनाक छ। मधेशको मेरूदण्डको रूपमा हेरिएको हुलाकी राजमार्ग अहिले सम्म वन्न सकेको छैन। नेपालको सवभन्दा पुरानो राजमार्ग भएपनि खाल्टा खुल्टीकै अवस्थामा छ। मधेशमा खेतियोग्य जमिन छ तर सिचाँइको व्यवस्था छैन। सिचाँइको अभावमा मधेशी जनताले उचित उत्पादन लिन सकेको छैन। खडेरी र वाढीले मधेशलाई सताउन कुनै कसर वाँकी राख्दैन। मधेशमा रहेको सरकारी स्वामित्वको कल कारखानाहरू वन्द भइसकेको छ। यस्तो अवस्थामा रोजगारीको अभाव हुने नै भयो। साथसाथै मधेशको आर्थिक अवस्था कमजोर हुनेमा शंकै रहेन। मधेशको जिल्ला सदरमुकामहरूको अवस्था एकदमै जिर्ण रहेको छ। यस्तोमा ग्रामिण क्षेत्रको अवस्था कस्तो होला ? आफै अनुमान लगाउन सकिन्छ। सधै राजनीतिक मुद्धा मात्रै उठाउने तर मधेशको विकासमा ध्यान केन्द्रित नगरी कसरी मधेशले समृद्धी हासिल गर्न सक्छ ?

मधेशका ८ जिल्लालाई समावेश गरी प्रस्ताव गरिएको २ नं. प्रदेश अरू प्रदेश भन्दा निकै पछाडि रहेको छ। यस प्रदेशको विकास सुचकांक ०.४६८ मात्र रहेको छ। जवकी तुलनात्मक रूपमा विकट रहेको पहाडि क्षेत्रको ०.५२० रहेको छ। यस प्रदेशको मानव विकास सुचकांक पनि कम रहेको छ। औषत साक्षरता दर ४१ प्रतिसत मात्र रहेको छ। यस प्रदेशमा रहेको केहि जिल्लाको साक्षरता दर भौगोलिक रूपमा एकदमै विकट रहेको हुम्ला भन्दा पनि कम रहेको छ। वैदेशिक रोजगारमा जाने युवाहरू मध्ये सवभन्दा वढी यहि प्रदेशका रहेका छन्। युवाहरूलाई विदेश पठाएर विकास सम्भव छैन। मधेशका यी समस्याहरूको समाधान समयमै गर्न सकिएन भने भविष्यमा ठूलो संकटको सामना गर्नु पर्छ।

मधेशको नाममा आफ्नो राजनीति टिकाइ राखेका दलहरू जहिले पनि मधेशको रानीतिक मुद्धाहरू मात्र उठाउने गरेका छन्। मधेशका सामाजिक, आर्थिक, शैक्षिक, लगायतका समस्याहरू कुनै पनि दलले उठाउने गरेका छैनन्। मधेशी जनतालाई जागरूक वनाउने काममा मधेश केन्द्रित दलहरू पनि चुक्दै आएको छ। जनता जागरूक भएपछि आफ्नो राजनीतिक भविष्यमा ब्रेक लाग्न सक्छ र आफुहरू ठाँउमा पुगेपछि भ्रष्टचार गर्न नपाउने डरहुन सक्छ मधेश केन्द्रित दलहरूका नेताहरूमा। आखिर मधेश केन्द्रित दलका नेताहरू पनि कुर्सीमा पुगेर आफु समृद्ध हुनकै लागि राजनीतिमा लागेको हो। नभए मधेश केन्द्रित दलहरूले मधेशी जनतालाई जागरूक वनाउने तर्फ किन ध्यान केन्द्रित गर्न सकेका छैनन् ? पुराना दलहरूले मधेशमा यतिको काम गरी दिएको भए मधेशमा मधेश केन्द्रित दलहरूको जन्म समेत नहुन सक्थ्यो। पुराना दलहरू चुकेको कारण मधेशी जनताहरूको साहानुभूति मधेश केन्द्रित दलहरू प्रति गएको हो। मधेश केन्द्रित दलहरू पनि दशक देखि चुक्दै आएको छ। अव पनि चुकेमा मधेशमा मधेश केन्द्रित दलहरूको भविष्य नरहन सक्छ। मधेशलाई थिचोमिचोमा पारेर हैकम जमाउदै आएका दलहरू भन्दा फरक वाटो अपनाएर मधेशको समृद्धीको लागि अग्रसर हुन चुक्नु हुदैन मधेश केन्द्रित दलहरू।

lkskeshariaaryan@gmail.com

# संविधान, स्थानीय चुनाव र कालो दिवस



**गुरूशरण सिंह (आभाष)**

> मधेशका लागि संघर्ष गरिरहेका राजनीतिक पार्टी चुनावमा गए पनि मधेशका ठूलो जमात यस नश्लीय संविधानलाई स्वीकारेको छैन र अधिकारका लागि संघर्ष जारी राखेको छ।

नेपालको इतिहास केलाएर हेर्दा सात दशकमा सात ओटा संविधान बनेको देखिन्छ। वर्षौंको रस्साकसीपछि वि.सं. २०७२ असोज ३ गते नेपालमा पहिलोपल्ट जनताको छोराले संविधान बनायो र यो संविधानबाट मधेशी जनताले पनि धेरै अपेक्षा गरेका थिए। तर, बिडम्बना त्यो संविधान पनि पहिलाको भन्दा कुनै गतिलो भएन र यहाँ पनि एउटा समुदायको मात्र बर्चस्व स्थापित हुने गरी नै बनाइयो। मधेशीलाई फेरि एकपल्ट उपेक्षित गरियो र नेपालको संविधान २०७२ यति धेरै विभेदकारी बनाइयो कि नेपालको अन्तरिम संविधान २०६३ ले मधेशी जनतालाई दिएको हकअधिकार पनि खोस्यो। यता संविधान बनाई रहँदा तराई मधेशमा सँविधानको प्रारम्भिक मस्यौदाको विरूद्धमा भीषण आन्दोलन चलिरहेको थियो तर यी सत्तासीन नेपालका ठूला भनाउँदा दलका नेताहरू सत्ताको मोह र संसदीय गणितको दम्भमा यसरी लिप्त भैसक्केका थिए कि आफ्नै देशका आधा भन्दा बढी जनसंख्या ती विभेदकारी संविधानको मस्यौदाको विरोधमा हुँदा पनि मधेशका जनतामाथि गोली चलाइरह्यो, हत्या गरिरह्यो। रक्तरंजित संविधान घोषणा गर्यो जसको फलस्वरूप केही महिना नबित्दै संसारको सबैभन्दा उत्कृस्ट भनेर प्रचार गरिएको संविधान संशोधन गर्नु पर्यो।

नेपालको संविधान २०७२ लाई कार्यान्वयन गर्नका निमित्त यही माघ, ८ गते २०७४ सम्म तीनवटै तहको निर्वाचन गरिसक्नु पर्नेछ र संविधान कार्यान्वयन गराउणलाई ७४४ ओटा रहेको स्थानीय तहमा तीन चरणमा निर्वाचन गर्ने निर्णय गरियो। जस अनुसार ५०८ स्थानीय तह र २ नंबर बाहेकका प्रदेशमा पहिलो र दोस्रो चरण गरी दुई चरणमा निर्वाचन सम्पन्न गरियो जसमा मधेश केन्द्रित दल राष्ट्रिय जनता पार्टी नेपालले संविधान संशोधन बिनाको चुनाव बहिस्कार गर्यो। त्यसपछि तेस्रो चरणको चुनावमा संशोधन बिनाको चुनाव बहिस्कार गरेका मधेश दल पनि त्यही विभेदकारी संविधान अनुरूप चुनावमा सहभगी भए।

विभेदकारी संविधानलाई विरोध गरिरहेका मधेश केन्द्रित दल समेत त्यहीं रक्तरञ्जित संविधान कार्यान्वयन गर्नलाई भएको चुनावमा भाग लिसके पछि, मधेशका लागि आफ्नो बलिदान दिएका वीर सहिदहरूको सपना चकनचुर भएको छ। संविधान संशोधनकै लागि ५४ जनाले सहादत दिएको, आफ्नो ज्यानको आहुति तेतिकै खेर जाने भयो र फेरि त्यो ६ महिनासम्मको आन्दोलन र नाकाबन्दी किन ? भनेर मधेशी जनताले नै प्रश्न उठाउन थाल्यो। राजनीतिक विश्लेषकहरूले पनि मधेश दश वर्षपछि फर्कियो भनेर विश्लेषण गर्न थालेका छन्। अब फेरि मधेशी जनताले सुरूदेखि नै लड्नु पर्ने कुराहरू पनि उठ्न थालेको छ। जब मधेशकेन्द्रित दल चुनावमा जाने बितिकै मधेशी जनताले पनि यो संविधान मान्यो भनेर राज्यपक्षले विश्लेषण गर्न थाल्यो, तब एउटा युवा बुद्धिजीबीको संघठन तराई मधेश राष्ट्रिय परिषद् (टि.एम.एन.सी) ले संशोधन बिनाको चुनावमा सहभागी संकल्प गर्दै माइतीघर मन्डेलामा सँकल्प गर्यो र यो विभेदकारी र रक्तरञ्जित संविधानको विरूद्ध अहिले पनि मधेशी युवा बद्धिजीबीहरूको ठूलो जमात रहेको छ भनेर राज्य पक्षलाई सन्देश दियो।

मधेशीहरूका लागि इतिहासकै कालो दिन असोज ३ रहेको र मधेश आन्दोलनमा शहिद भएकाहरू आफ्नो बलिदानी अधिकार प्राप्तिका लागि दिएका थिए। तर अहिलेसम्म संविधानमा त्यो कुरा भएन। एकातिर कालो दिवस मनाएर पुरै दुनियाँलाई प्रष्ट संदेश दिन चाहन्छौं कि मधेशका लागि संघर्ष गरिरहेका राजनीतिक पार्टी चुनावमा गए पनि मधेशका ठूलो जमात यस नश्लीय संविधानलाई स्वीकारेको छैन र अधिकारका लागि संघर्ष जारी राखेको छ। अर्कोतिर शहिदको शहादतको सम्मानमा पनि मधेशी जनताले कालो दिवस मनाएका छन्।

# मधेशमा एमाले कमजोर हुनु स्वाभाविक



सुरेन्द्र महतो
वरिष्ठ अधिवक्ता

एमाले परिवर्तनको विपक्षमा उभिएको पार्टी हो । मधेशीहरूलाई अनावश्यक गालीगलौज गर्ने, संविधान संशोधनको विपक्षमा भोट हालेर उ झन मधेश विरोधी पार्टीको छवि बनाएको छ । विभेदकारी नीति, एक जातीय राष्ट्रवादलाई प्रश्रय दिँदै एमाले अगाडि बढेको छ र परिणामस्वरूप एमाले मधेशमा कमजोर भएको छ र यसो हुनु अस्वाभाविक होइन ।

**० तेस्रो चरणको निर्वाचनको प्रारम्भिक मत परिणामलाई कसरी विष्लेषण गर्नुहुन्छ ?**

– प्रदेश नं. २ को स्थानीय तहको मत परिणाम स्वभाविक हो । जस्तो किसिमको अपेक्षा गरिएको थियो त्यसै अनुरूपको मतपरिणाम आइरहेको छ । खासगरी दुई नम्बर प्रदेश भनेको मधेशी जनताको बाहुल्यता भएको भूगोल हो । मधेशमा आदिवासी, जनजातिप्रतिको जुन विभेद रहँदै आएको छ, त्यसलाई संवैधानिक रूपमा नै स्वीकार गरिसकेको अवस्था छ । त्यो विभेदहरूको पूर्ण अन्त्य नया संविधानबाट होला की भन्ने जुन अपेक्षा गरिएको थियो, त्यो हुन सकेन । नयाँ संविधान जारी गर्ने क्रममा मधेशी, आदिवासी, जनजातीलाई पछाडि राख्दै विभेदमा परिरहेका समुदायलाई बेवास्ता गरियो । मधेशी, आदिवासी, जनजातिहरूले अझै पनि संविधानमा हाम्रो समस्याहरू सम्बोधन भएको छैन् भन्ने त्यसको विरोधमा आवाजहरू उठाइ नै रहेका छन् । मधेशमा आन्दोलन भइरहेको थियो । नेपालको इतिहासमै सबैभन्दा लामो अवधिको लगातार ६ महिनासम्मको पीडादायी र कष्टदायी आन्दोलन सहेर त्यहाँभित्र प्रवेश गरे । राज्यपक्षलाई भनौं या काठमाडौंको सिंहदरबारलाई, जुन किसिमले सम्मान गर्नुपर्ने हो त्यस किसिमले नगरेपछि दर्जनौ आम मधेसी जनताको हत्या भएको थियो । यी र यस्ता दृष्टान्त हेर्दा मधेशमा एउटा आक्रोश त थियो नै । त्यो आक्रोशहरूलाई अभिव्यक्ति गर्ने क्रममा र संविधानको संशोधनको प्रक्रिया जुन छ, त्यसलाई अहिलेको व्यवस्थापिका संसदले अस्वीकार गरेको छ ।

> अहिले जुन किसिमको प्रारम्भिक मत परिणाम आइरहेको छ यो आन्दोलनको राप, तापबाट पीडित भएका जनताले आफ्नो प्रतिनिधि छान्न पाउने उत्साहका साथ गरेको मत परिणाम हो ।

**० प्रदेश नम्बर दुईमा कुन पार्टीको अवस्था कस्तो देख्नुहुन्छ ?**

– ९० प्रतिशतले बनाएको संविधान अहिले ६० प्रतिशत भन्दा बढीले त्यसलाई संशोधन गर्नुपर्दछ भनेर स्वीकार गरेको छ । अहिलेको जनताको अभिमत भनेको खासगरी प्रदेश नं. २ को मधेशकेन्द्रित दलहरूको एजेण्डा अर्थात संशोधनको पक्षमा उभिएका दलहरू, मुद्दाको उत्थान गर्ने नेकपा माओवादी र संविधान संशोधनमा प्रतिबद्धता जनाएको र यससम्बन्धी छलफल गर्ने नेपाली कांग्रेस हो । मधेशकेन्द्रित दल र माओवादीको जुन किसिमको अवस्था थियो अहिले त्यो धेरै हदसम्म सुधिएको छ र काँग्रेसको पनि धेरै सम्मानजनक अवस्था छ । मधेश कांग्रेसको आधारभूमि पनि भएकोले कांग्रेसको निकै उल्लेख्यपूर्ण मत आएको छ । अहिलेको अवस्थामा खासगरी मधेशको विरोधमा रहेको र आदिवासी जनजातीको समनताको कुरा उठाएको छ र यसको विरूद्धमा उठिएका शक्तिहरूलाई मधेशका जनताले जवाफ दिएका छन् । अग्रगमनमा उभिएका शक्तिहरू अगाडि आएका छन् । हिजोसम्म मधेशमा आन्दोलनकारीको कुनै पकड छैन् भन्नेहरूलाई यो कुराले राम्रोसँग जवाफ दिएको छ अहिलेको स्थानीय स्तरको चुनावले ।

**० प्रदेश नं. २ को निर्वाचनमा मतदाताको उत्साहपूर्ण सहभागितालाई कसरी हेर्नुभएको छ ?**

– त्यसलाई दुईवटा पाटोबाट हेर्न सकिन्छ । एक त आन्दोलनकारी शक्ति पनि निर्वाचनमा सहभागी भए, अर्को आन्दोलनमा उठेका एजेण्डाहरू स्थानीय स्तरको निर्वाचनबाट सम्बोधन हुन सक्दैन र ती एजेण्डा प्रतिनिधिसभाबाट सम्बोधन हुन्छ भन्ने जनताले बुझे । अहिले जुन किसिमको प्रारम्भिक मत परिणाम आइरहेको छ यो आन्दोलनको राप, तापबाट पीडित भएका जनताले आफ्नो प्रतिनिधि छान्न पाउने उत्साहका साथ गरेको मत परिणाम हो । परिवर्तनमा उभिएको उत्साह हो, प्रदेश नम्बर २ को मतदान ।

**० मधेशी दलहरूले प्रारम्भिक रूपमा प्राप्त गरिरहेको मतलाई सन्तोषजनक छ ?**

– जुन रूपमा अगाडि आउनुपर्ने हो त्यस अनुरूप त आउन सकेको छैन तर पनि प्रारम्भिक नतिजालाई सन्तोषजनक नै मान्नुपर्छ । मधेशी दलहरूको सशक्त संगठन नहुनुको परिणाम नै मान्नुपर्छ मधेशी दलहरू कमजोर हुनुमा ।

**० ६ वटा पार्टी मिलेर बनेको राजपा नेपालको अवस्था सन्तोषजनक नहुनुको कारण के होला ?**

– संख्यामा ६ वटा पार्टी मिलेर बनेको भए पनि आकारमा हेर्दा कोही अल्लि ठूला थिए कोही साना । त्यसैले ६ वटा दल मिलेको भन्नुभन्दा पनि एउटै एजेन्डा बोकेका दलहरू एक ठाउँमा आए भन्नु ठिक होला । फोरम नेपाल मधेश जनविद्रोहदेखि नै निरन्तर रूपमा मधेशको मुद्दा बोकेर अगाडि आएको पार्टी हो । उपेन्द्र यादवको एकल र प्रभावकारी नेतृत्वले फोरम नेपाललाई अगाडि बढाउन काम गरिरहेको मैले बुझेको छु । राजपामा ६ जनाको अध्यक्षीय मण्डल बनाइएको छ त्यसमा पनि उनीहरू पूर्ण रूपमा घुलमिल भइसकेका छैनन् । त्यसैले राजपालाई आफू भित्रको विवाद समाधान गर्दै जनतामा जान केही समय लाग्ने देखिन्छ ।

**० राजपाले अबको दिनमा आफ्नो भूमिकालाई कसरी अगाडि बढाउनुपर्छ ?**

– राजपाले ६ वटा दल मिलेर आएको भनेर प्रयोग हुने भाषाको अन्त्य गराउन सक्नुपर्छ । हामी एक हौं भन्नका लागि उनीहरूले आचरण र व्यवहारबाट यो कुरालाई पुष्टि गर्नुपर्छ ।

**० संविधान संशोधन नगरी स्थानीय तहको निर्वाचनमा सहभागी नहुने भन्दै दुई चरणको निर्वाचन बहिष्कार गरेको राजपाले अहिले संविधान संशोधन बिना नै स्थानीय तहको निर्वाचनमा भाग लिंदा त्यसको असर निर्वाचनमा देखिएको हो ?**

– त्यसले असर गरेको जस्तो लाग्दैन । संविधान संशोधन विधेयक संसदमा पेश गरेर फेल भइसकेर अहिले नयाँ स्थिति सिर्जना भएको छ । संशोधन फेल भइसकेपछि पनि संविधान संशोधन नभई चुनावमा जान्न भन्नु राजपाको लागि हितकर थिएन र जनताको माझमा जाने निर्णय गरेको हो । यो कदम राजपाको स्वागतयोग्य छ ।

**० कांग्रेस माओवादी गठबन्धनले भविष्यमा संविधान संशोधन गर्छौं भनिरहेको छ, पत्याउने आधार छ ?**

– यसलाई सकारात्मक रूपमा नै हेर्नुपर्छ । मधेश केन्द्रित दलले उठाएका एजेन्डालाई माथि पुऱ्याउने काम माओवादी केन्द्रले गरेको हो । पछिल्लो कालखण्डमा आएर नेपाली कांग्रेसले पनि संशोधनको विषयमा सहयोग गर्नुपर्छ भनेर समर्थन जनाएको अवस्था हो । यस स्थितिमा कांग्रेस र माओवादीको भूमिकालाई सकारात्मक रूपमा लिनुपर्छ ।

**० सम्झौता गर्ने तर त्यसको कार्यान्वयन नगर्ने प्रचलन पहिलेदेखि कै हो । अब गरिएका सम्झौताहरू कार्यान्वयन होला भन्ने आधार के छ ?**

– त्यो शंकाको घेरामा रहेको छ । अपेक्षा अनुरूपको परिवर्तनको एजेन्डाहरू अगाडि बढ्न सकेन, त्यसमा माओवादी कांग्रेस गठबन्धन र मधेश केन्द्रित दलको पनि कमजोरी रहँदै आएको छ । आगामी दिनमा सुधार आउँला भन्ने आशा गर्न सकिन्छ ।

**० प्रदेश नम्बर दुईमा एमाले कमजोर हुनुको कारण के देख्नुहुन्छ ?**

– एमाले परिवर्तनको विपक्षमा उभिएको पार्टी हो । मधेशीहरूलाई अनावश्यक गालीगलौज गर्ने, संविधान संशोधनको विपक्षमा भोट हालेर उ झन मधेश विरोधी पार्टीको छवि बनाएको छ । विभेदकारी नीति, एक जातीय राष्ट्रवादलाई प्रश्रय दिँदै एमाले अगाडि बढेको छ र परिणामस्वरूप एमाले मधेशमा कमजोर भएको छ र यसो हुनु अस्वभाविक होइन ।

**० कांग्रेस-माओवादी गठबन्धन र मधेश केन्द्रित दलहरूको आगामी दिनमा कस्तो सम्बन्ध हुनुपर्छ ?**

– सौहार्दपूर्ण सम्बन्ध हुन आवश्यक छ । आफ्नो एजेन्डामा अडिग भई अगाडि बढ्न मधेश केन्द्रित दलले सक्नुपर्छ ।

**० संविधान निर्माण भएको दुई वर्ष पूरा भइसक्दा पनि कार्यान्वयन हुन विभिन्न बाधाअवरोधहरू आइरहेको छ यसको कारक कसलाई देख्नुहुन्छ ?**

– संविधान कार्यान्वयनको मुख्य बाधक नेपालको स्थायी राज्यसत्ता नै हो । यथास्थिति चाहने शक्तिहरूले परिवर्तनलाई आत्मसात गर्न नसक्नु नै संविधान कार्यान्वयन हुन नसक्नुको मुख्य कारण हो ।

**० एकातिर संविधान संशोधनको विषय छ भने अर्कोतिर यो संविधान अनुसार सरकार नै चलेको पाइदैन यस्तो किन भइरहेको छ ?**

– सरकारको नेतृत्व जसको नियन्त्रणमा रहेको छ त्यहाँ परिवर्तनका पक्षधर शक्तिहरू छैनन् । त्यसकारण उनीहरूले समावेशीताका सवालमा कुनै न कुनै बहानामा भाग्न खोज्छन् र आफ्ना हित अनुकुलको काम गर्न चाहन्छन् । यसका लागि मधेशी दलहरूले जुन रूपमा जोडदार आवाज उठाउनुपर्दथ्यो त्यो गर्न सकेनन् । मुद्दा उठाउने राजनीतिक दलहरू कै मुद्दाप्रतिको तटस्थताको अभाव र उसको आफ्नै कमजोरी पक्ष हो । जसले गर्दा पनि समावेशीताको सिद्धान्त लागु हुन नसकेको हो । सरकार आफैं संविधान लागु नगर्ने र जनतालाई संविधान लागु गर् भन्नु दोधारे नीति हो । संविधान कार्यान्वयनको अर्थ निर्वाचन गराउनु मात्र होइन । संविधान कार्यान्वयन हुन संविधानको भावना अनुसार समानुपातिक, समावेशीता र विविधतालाई सम्बोधन गरी मूल धारका मुख्य दलका नेताहरू नै त्यसमा उदासीन रहेका छन् । यो दुःखद पक्ष हो ।

# राजपाले राम्रो स्थान ल्याउँछ

स्थानीय चुनाव तयारीको एउटा सुरूवात नै हो । स्थानीय तहको चुनाव सकिएको अवस्था छ र अब हुने चुनावमा पनि राजपाले तयारी गर्नेछ । कम समयअवधि भित्रै स्थानीय स्तरको चुनावमा सहभागि भयौं भने अबको चुनावमा राम्रोसँग नै तयारी गरेर राजपाले राम्रो स्थान हासिल गर्नेछ ।



रानी शर्मा तिवारी
वरिष्ठ उपाध्याक्ष, राष्ट्रिय जनता पार्टी नेपाल

**० प्रदेश नं. २ मा स्थानीय तह तेस्रो चरणको निर्वाचन सम्पन्न भएको छ, यसलाई कुन रूपमा लिनुहुन्छ ?**

– हामीले चुनावमा जाने निर्णय गर्दा पनि निर्वाचनलाई आन्दोलन कै रूपमा लिएर सहभागी भएका हौं । यसैलाई आधार मानेर आज पनि हाम्रो आन्दोलन जारी छ र आन्दोलनकै रूपमा चुनावमा अगाडी बढेका हौं ।

**० निर्वाचनको प्रारम्भिक मतपरिणाम आइरहँदा राजपा भन्दा अन्य ठूला दल नै अगाडी आएको देखिन्छ, यसलाई कसरी हेर्नुहुन्छ ?**

– हो, तपाईले एकदम ठिक भन्नुभयो । तर यर्थाथमा यो नै अन्तिम परिणाम होइन । अहिले म महोत्तरीमा छु र यहाँ राजपा र अन्य दलको कति मत आउँछ भन्ने कुरा मलाई राम्ररी थाहा छ । अहिले मिडियामा आईरहेका मतपरिणाम र हामीले सोचेको मत परिणाममा धेरै अन्तर छ । यसको हामीले मूल्याङ्कन गरिरहेका छौं । यस्ता वडाहरूको मात्र मतगणना भइरहेको छ, जहाँ अन्य ठूला दलको राम्रो स्थान थियो तर अन्तिम मतपरिणाम आउँदासम्म राजपाले नै राम्रो स्थान हासिल गर्ने हाम्रो आशा रहेको छ ।

**० तेस्रो चरणको निर्वाचनमा मतदाताको उल्लासमय उपस्थिति थियो, यसले उनीहरू मतदान गर्न आतुर छन् भन्ने संकेत गर्छ । तर राजपाले यसअघि सम्पन्न भएको दुई चरणको निर्वाचन वहिष्कार गर्दा गलत निर्णय गरेको जस्तो लाग्दैन तपाईंलाई ?**

– मलाई त्यस्तो लाग्दैन । तपाईले नै भन्नुभयो कि तेस्रो चरणको निर्वाचनमा मतदाताको संख्या अन्य दुई चरणको भन्दा बढी थियो । दुई चरणको निर्वाचन भएको प्रदेशहरूमा हामीले चुनावलाई बहिष्कार गरेर बसेका थियौं । कतिपयले पार्टी छोडेर गएपनि पार्टीभित्र कटिबद्ध भएर बसेका कतिपयले भोट खसाल्नु भएन । त्यसले गर्दा ति प्रदेशहरूमा मतदाताको संख्या कम भयो र यहाँ हामी पनि सहभागि भयौं र यो संख्यामा पनि बृद्धि भएको हो । चुनावमा जाने भनेको त जुनसुकै पार्टीको पनि लक्ष्य, गन्तव्य हो । यसबाट भाग्न सकिदैन । हामीले चुनावमा जाँदै जाँदैनौ त भनेको थिएनौ । चुनावमा त हामी पनि जान चाहन्थ्यौं तर यथास्थितिमा चाहदैनौं । चुनावमा हामी जाँदै जाँदैनौ, चुनाव हामीलाई चाहिएको नै छैन भनेका थिएनौं । हरेक पार्टीको लक्ष्य नै चुनाव हो । चुनाव नभई पार्टी पनि स्थापित हुन सक्दैन । चुनावबाटै चुनिएर नै पार्टीमा आउने हो त्यसैले गर्दा पनि चुनाव हुनै पर्छ र हामी चुनाव विरोधि पनि होइनौं ।

**० अहिले जुन अवस्थामा तपाईंहरू निर्वाचनमा सहभागि हुनुभयो त्यस्तो अवस्था पहिले पनि आउन सक्थ्यो या सक्दैनथ्यो ?**

– त्यस्तो अवस्था पहिले पनि आउन सक्थ्यो । यो भन्दा राम्रो स्थिति आउन सक्थ्यो तर राज्यपक्षले नै त्यो स्थिति ल्याउन चाहेन । सरकारले चाहेको भए त यो भन्दा राम्रो हुने थियो । अझ भनौं कांग्रेस र माओवादीले संविधान संशोधन विधेयक अगाढी सार्‍यो तर उनीहरूको नियत ठीक हुन्थ्यो भने त त्यो सफल हुन्थ्यो नि । संशोधन गरेर नै हामी चुनावमा जान सक्थ्यौं । अझ बढी उपलब्धी हासिल गर्न सक्थ्यौं । जुन संविधानमा १० प्रतिशत मात्र विरोधी छ भन्ने कुराहरू आइरहेको थियो भने अहिले ६० प्रतिशत भन्दा माथिले यो संविधान संशोधन गर्नुपर्दछ भन्ने संकेत दिएको छ । संशोधन विधेयकलाई मतदानसम्म ल्याउनु पनि एक प्रकारको उपलब्धी हो । तर हामीले अझ राम्रो गर्न सक्थ्यौं । अहिलेको सरकारले गर्न नसक्ने होइन, गर्न नै नचाहेको हो । मलाई लाग्छ संशोधन हुन नदिनु पनि कहिँ न कहिँ षड्यन्त्र नै छ । मधेशी जनताको मत हासिल गर्नका लागि कांग्रेसले गरेको यो नाटक मात्र हो । सोझा मधेशी जनताको आँखामा छारो हाल्ने काम मात्र भएको छ ।

**० संविधान संशोधन नभई निर्वाचनमा नजाने भनेर अडान लिएर बसेको राजपाले पछिल्लो समयमा निर्वाचनमा जाने निर्णय गर्‍यो, राजपाको आधार के थियो र निर्वाचनमा जाने निर्णय गर्‍यो ?**

– मैले यहाँलाई फेरी पनि भन्न चाँहे कि १० प्रतिशत मात्र संविधानको विरोधमा रहेकोमा अहिले ६० प्रतिशत भन्दा माथि हुनु नै हाम्रो उपलब्धी हो । दुई चरणको निर्वाचनमा सहभागि नहुँदा हामीले के अनुभव गरेका थियौं भने यो राज्यले दमन गरेर होस् या हिंसा गरेर नै भए पनि तेस्रो चरणको चुनाव गराउँछ । जति क्षति राजपाले बेहोरेको छ फेरी पनि त्यस्तो क्षति नहोस् भन्नका लागि र त्यस क्षतिलाई रोक्नका लागि पनि आन्दोलनको रूपमा नै किन नहोस् तर निर्वाचनमा जाने भनेर निर्णय गरेका हौं ।

**० राजपाले संविधानकै धाराअनुसार निर्वाचनमा गएको हो भने के अब राजपाले पनि संविधानलाई स्वीकारेको हो ?**

– संविधानलाई पुनर्लेखन गर्नुपर्दछ त हामीले भनेका नै थिएनौं नि । हाम्रो माग भनेको त संशोधन गर्नुपर्दछ भन्ने हो र त्यो माग आज पनि कायम नै छ । संविधान पुनर्लेखन होइन तर कार्यान्वयन हुँदा यसको यो यो धारालाई संशोधन गर्नुपर्दछ भन्ने माग हो र यो निर्वाचन पनि त्यसै अन्तर्गतको एउटा भाग नै हो । प्रधानमन्त्रीको चुनाव हुँदा पनि राजपा सहभागि भयो । यो चुनाव पनि संविधान कै एउटा धाराअन्तर्गतको चुनाव थियो । त्यस चुनावमा त हामी पहिले नै सहभागि भइसकेका थियौं ।

**० त्यसो हो भने संविधानलाई आशिंक रूपमा स्वीकार गरिसकेपछि संविधान दिवसलाई कालो दिवसको रूपमा किन मनाउनुहुन्छ ?**

– हामीले त संशोधन हुनुपर्छ भनेका छौं । संविधानमा हाम्रो अधिकार सुरक्षित छैन् । हामीले संवैधानिक अधिकार पाएका छैनौं । त्यसकारण संविधान दिवसलाई हामीले कालो दिवसकै रूपमा मनाइरहन्छौ जबसम्म मधेशको अधिकार संवैधानिक रूपले सुनिश्चित हुँदैन् ।

**० संविधान संशोधन हुँदैन भन्ने थाहा हुँदाहुँदै पनि दुई चरणको निर्वाचन बहिष्कार गर्नुभयो, संविधान संशोधन हुन नदिनेमा एमाले मात्रै दोषी कि कांग्रेस र माओवादी पनि ?**

– मैले पहिले नै भनिसकेको छु कि कांग्रेसले मधेशको भोट संकलन गर्न मात्रै यो नाटक गरेको हो । कांग्रेस र माओवादीले पनि संशोधन चाहेको थिएन । यदि कांग्रेसले संशोधन चाहेको भए उसले सम्पूर्ण सांसदहरूलाई उपस्थित गराउन सक्थ्यो होला । तर त्यसो नहुनुलाई नै हामीले बुझ्नु पर्छ कि कांग्रेस पनि संशोधन चाहदैन । यो त देखाउनका लागि मात्र थियो । हामीले संसोधनको प्रस्ताव ल्यायौं है भन्नका लागि मात्र गरेको हो । यसमा कांग्रेस जति दोषि छ एमाले र माओवादी पनि त्यत्तिकै दोषि छ । यति मात्र फरक छ कि कसैले म राजपाको शत्रु हो भनेर बाहिर नै प्रष्टै देखायो भने कसैले बाहिर देखाउनका लागि मित्र तर भित्रभित्रै शत्रुको व्यवहार गरे ।

**० निर्वाचनको प्रारम्भिक मतपरिणाम हेर्दा कांग्रेस नै अगाडि देखिन्छ भने राजपा लगायतका अन्य मधेसी दल पछि नै छन्, यस्तो परिस्थितिमा राजपाको कस्तो मतपरिणाम आउँला ?**

– राजपा लगायत मधेशकेन्द्रित दलहरूको मतपरिणाम राम्रै आउँछ जस्तो लाग्छ । किनभने यो सुरूवाती हो र यसको अन्त्य भएको छैन । अझै धेरै मतहरू गन्न बाँकी छ । यसमा राजपा अगाडी नै जान सक्छ भन्ने मेरो विश्वास छ ।

**० आन्दोलनमा जाँदा राजपाले मधेशकेन्द्रित दलहरूसँग सहमति गर्‍यो तर निर्वाचनमा जाँदा भने किन सहमति गर्न सकेन ?**

– यो कुरामा त म पनि सहमत नै छु । अहिले त सहमति गर्न सकेनौं तर आगामी चुनावमा हामी सहमती गरेर जानेछौं । अहिलेको चुनावमा त हामीसँग समय पनि भएन । उम्मेदवारहरू छानिसकेका थियौं भने आगामी चुनावमा अवश्य पनि सहमति गरेर अगाडी बढ्न सक्छौं । आन्दोलनमा त हामी सँगै भयौं भने चुनावमा पनि सहमति गर्ने नसक्ने भन्ने त्यस्तो वातावरण छैन् ।

**० आन्दोलनमा भने सँगै हुने तर निर्वाचनमा सँगै आउन नसक्नुको मुख्य कारण के हो ?**

– राजनीतिमा सबैको विचार सबैसँग नमिल्न सक्छ । अझ भन्ने हो भने त हामीसँग समय नै थिएन । यदि पहिले नै निर्वाचनमा जाने भनेर निर्णय गरेको भए संघीय समाजवादी फोरम र नेपाल लोकतान्त्रिक फोरमसँग सहकार्य गरेर निर्वाचनमा जान सक्थ्यौं । यसरी सहमति गरेर गएको भए अवश्य पनि राजपाले धेरै सिटहरू प्राप्त गर्न सक्थ्यो तर राजपाले हतार-हतारमा निर्णय गर्‍यो र चुनावमा होमियो । यसले गर्दा निर्वाचनको पूरा तयारी नै हुन पाएन । यति छोटो अवधीमा जनताको माझमा गएर चुनावमा सहभागि हुनु भनेको आफैमा पनि कठिन काम हो । यस्तो अवस्थामा चुनावमा जाँदा पनि हामीलाई जनताले साथ दिएका छन् ।

**० प्रदेश र प्रतिनिधि सभाको चुनावको मिति सरकारले तोकिसकेको अवस्थामा राजपाले भने कस्तो तयारी गरेको छ ?**

– स्थानीय चुनाव तयारीको एउटा सुरूवात नै हो । स्थानीय तहको चुनाव सकिएको अवस्था छ र अब हुने चुनावमा पनि राजपाले तयारी गर्नेछ । कम समयअवधि भित्रै स्थानीय स्तरको चुनावमा सहभागि भयौं भने अबको चुनावमा राम्रोसँग नै तयारी गरेर राजपाले राम्रो स्थान हासिल गर्नेछ ।

**० प्रदेश र प्रतिनिधि सभाको चुनावमा राजपाले अन्य दलसँग सहकार्य गर्ने सम्भावना कति छ ?**

– सहकार्यको सम्भावना छ । राजनीतिमा सहकार्य हुनु भनेको स्वभाविक नै हो । यो एउटा सामान्य प्रक्रिया हो ।

**० सहकार्यको लागि सम्भावित दलहरू कुन कुन हुन् ?**

– कांग्रेस र एमालेसँग हुन्छ त म भन्दिन तर मधेशवादी दलहरूसँग भने हुन सक्छ ।

**० राजपाको प्रदेश सभा र प्रतिनिधि सभाको चुनावी ऐजेण्डा कस्ता हुनेछन् ?**

– सबैभन्दा पहिले त हामीले उपस्थिति बढाउनु पर्दछ । उपस्थिति पुऱ्याउन नसक्दा हाम्रो मागहरू पुरा नहुने अवस्था पुग्यो । हामीले के महशुस गर्‍यौं भने जबसम्म हामीले संख्या पुऱ्याउन सक्दैनौ तबसम्म हाम्रा मागहरू यसरी नै पाखा लाग्दै जानेछन् । पहिले त हामी आफ्नो पार्टीलाई कसरी मजबुत बनाउन सकिन्छ र धेरै सिट ल्याउन सकिनेछ त्यसमा नै केन्द्रित भएका छौं ।

# राइट टु रिजेक्ट र सर्वोच्चको फैसला



रोशनकुमार झा

मिति २०७४/५/५ मा मन्त्रिपरिषद् बैठकले प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन दुवै सूगसगै दुई चरणमा मंसिर १० र २१ घोषणा गरेकोमा आवश्यक कानुनको अभावमा यसले सार्थकता प्राप्त गर्न सकेको थिएन। तर मिति २०७४/५/१९ गते प्रतिनिधिसभा निर्वाचन विधेयक र प्रदेशसभा निर्वाचन विधेयक संसद्‌बाट पारित भएसूगै घोषित मितिमा प्रदेश र प्रतिनिधिसभा चुनाव हुने सुनिश्चित भएको छ। आयोगले प्रस्ताव गरेको निर्वाचनसम्बन्धी विधेयकको दफा ३१ मा मतदाताले कुनै पनि उम्मेदवारप्रति समर्थन नभएको भनी मतदान गर्न सक्ने व्यवस्था थियो। यसका लागि आयोगले मतपत्रमा आवश्यक व्यवस्था गर्ने विधेयकको मस्यौदामा उल्लेख थियो। तर पारित विधेयकमा भने राइट टु रिजेक्ट' (कुनै पनि उम्मेदवारलाई मत दिन्न) को अधिकार भने राखिएको छैन। वर्तमान निर्वाचन प्रणालीमा मतदाताले सकारात्मक भोट को मात्र अभ्यास गर्दै आएकोमा आफूले मतदान बहिष्कार नगरी मतदानमा सहभागी हुन चाहेको भए पनि मतदान गर्न लायकको एउटै उम्मेद्‌वार छैनन्‌ँ त्यसैले कोही पनि उम्मेद्‌वार ठीक छैनन् भन्ने मत जाहेर गर्न चाहने विकल्पमा मतदान गर्न पाउने नकारात्मक मत प्रयोग गरी उम्मेद्‌वार स्वीकार नगर्ने वा उम्मेद्‌वारीमै असन्तुष्टि जनाउन वा अस्वीकार गर्न पाउने मताधिकार पनि मतपत्रमा रहने अवधारणाअन्तर्गत सोही विकल्पको कोठामा मतदान गर्न पाउने व्यवस्था गर्न सर्वोच्च अदालतले मिति २०७० साल पुस २१ विकास लकाई खड्‌कासमेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयसमेत (नेकाप २०७० अङ्क १० नि.नं.९०६९) मुद्दामा अनिवार्य रूपमा निर्वाचनसम्बन्धी कानुनमा राइट टु रिजेक्टको व्यवस्था गर्न सरकारलाई आदेश दिएको थियो। अदालतको आदेशअनुसार सरकारले निर्वाचनसम्बन्धी कानुनमा यो व्यवस्था राखेको भए मतदाताले कसैलाई पनि मत नदिई सबैलाई बहिष्कार गर्न पाउने नेपाल विश्वको १५औं मुलुक बन्ने थियो। तर सर्वोच्च अदालतको फैसलाको अवज्ञा हुने गरी फेरी नेपालमा मतदाताले उम्मेदवारलाई मत दिनैपर्ने बाध्यात्मक अवस्था कायम राखेको छ। सर्वोच्च अदालतको फैसलामा अभिव्यक्तिको स्वतन्त्रताअन्तर्गत व्यक्तिले आफूलाई लागेको कुरा व्यक्त गर्न पाउनुपर्दछ र त्यसलाई व्यक्त गर्ने माध्यमहरूको व्यवस्था निर्बाधरूपमा उपलब्ध पनि हुनुपर्दछ। आफूलाई मन लागेको कुरा व्यक्त गर्ने कुराअन्तर्गत व्यक्त गर्न नचाहेका कुरा व्यक्त नगर्ने अधिकार पनि समेटिएको हुन्छ। आरूनो चयन वा रोजाइ व्यक्त गर्ने कुनै प्रयोजनको लागि कुनै प्रक्रिया गरिन्छ भने सो स्वीकार वा इन्कार गर्ने अधिकार पनि व्यक्तिको हुन्छ। यही विचार अभिव्यक्तिको सार्वभौम मान्यताभित्र प्रजातन्त्रको पनि गुणस्तर र औचित्य अनुप्राणित भइरहेको हुन्छ। अभिव्यक्तिको स्वतन्त्रताअन्तर्गत जसरी बोल्ने अधिकार हुन्छ चुप लाग्न पाउने अधिकार पनि त्यसैमा नीहित हुन्छ। ठीक त्यसै प्रकारले मत दिन पाउने अधिकार अन्तर्गत मत नदिने वा उम्मेद्‌वारलाई आरूनो मत दिन्न भन्ने अधिकार पनि पर्दैन भन्न नमिल्ने तथा विधमान उम्मेद्‌वारहरू वा विकल्पहरू अग्राह्य भएमा त्यो नहटाइकन स्वीकार गर्न लगाउनुले कमसल विकल्प रोज्न बाध्य गरेको जस्तो हुन्छ।

प्रजातन्त्रको आवरणमा 'सबै कमसलमध्ये कम कमसल' रोज्ने प्रणालीको चीरकालसम्म स्थापना गर्न आवश्यक छैन। जबसम्म जनताले मतमार्फत आरूनो इच्छा व्यक्त गर्न पाउने अवस्था सिर्जना हूदैन तबसम्म मतदान गर्ने अधिकार जनतामा नीहित हुनु वा नहुनुले कुनै तात्त्विक महत्त्व राख्दैन र निर्वाचनको परिणाममा जनताको इच्छा पूर्णरूपले प्रतिविम्बित पनि हुँदैन।

जनताको मतदान गर्ने अधिकारलाई मूर्त र पूर्णरूप दिनका लागि उनीहरूलाई आरूनो इच्छाअनुसारको मतदान गर्ने अवसर पनि दिनुपर्दछ। यस अर्थमा जनताको मतदान गर्ने अधिकार अन्तर्गत जनताको मतदान गर्ने अधिकारको अवसर पनि अन्तर्निहित रहेको मान्नुपर्ने हुन्छ।लोकतन्त्रमा कुनै व्यक्तिले कुनै उम्मेद्‌वारलाई मतदान नगर्नु र कुनै पनि उम्मेद्‌वार मन नपराएमा मतदान गर्न नै नजानुले ल्याउने निर्वाचनको परिणाममा ठूलो फरक पर्ने हुनाले मतदान गर्दा कायम रहेका उम्मेद्‌वारहरू कोही पनि स्वीकार्य नदेखिएमा मतदाताले त्यस्तो मत पनि व्यक्त गर्ने ठाउँ दिएर उम्मेद्‌वारहरूको सर्वोत्तम प्रतिस्पर्धात्मक अवस्था सिर्जना गर्ने र जनताले आत्मनिर्णय गर्ने अधिकारअनुरूप शासनमा सहभागिता जनाउन तथा वाञ्छित नियन्त्रण एवं निर्देशन गर्ने प्रयोजनको लागि विद्यमान उम्मेद्‌वारहरूलाई समग्रमा इन्कार गर्नुपर्ने देखेमा सो गर्नसक्ने मत अभिव्यक्त गर्ने ठाउू दिनु पनि लोकतान्त्रिक निर्वाचनको लागि आवश्यक र उचित हुन्छ। कायम भएका उम्मेद्‌वारहरूप्रति असन्तुष्टि भएमा तिनलाई अस्वीकार गर्ने अधिकार जबसम्म जनतामा हुँदैन

> समाजका हरेक नागरिकले पाएको विचार तथा अभिव्यक्तिको स्वतन्त्रताअन्तर्गत आफ्नो मत व्यक्त गर्न पाउने हकको अति महत्वपूर्ण स्थान रहेको कुरामा दुई मत हुन सक्दैन।

तबसम्म सरकारमा जनताको प्रतिनिधित्व भएको मान्न सकिदैन र यस्तो सरकार साूचो अर्थमा वैधानिक सरकार को रूपमा अस्तित्त्ववान् भएको मान्न मिल्दैन।

राजनीतिक दलले उठाएका उम्मेद्‌वारलाई छनौट गर्न पाउने अधिकार नागरिकमा हुन्छ भने तिनलाई अस्वीकार गर्न पाउने अधिकार पनि त्यसमा नीहित हुने। मतदान गर्न नगएको विषयका सम्बन्धमा नागरिकको गोपनीयताको अधिकार को रक्षार्थ उम्मेद्‌वारलाई मन नपराएको कारण मतदान गर्न नजाने अवस्था नै सिर्जना हुन नदिनका लागि पनि मतपत्रमा 'माथिका कुनै पनि उम्मेद्‌वारलाई मत दिन्न' भन्ने व्यवस्था गर्नु आवश्यक हुन्छ।

नेपालको संविधानको प्रस्तावना, नागरिक अधिकार ऐन, २०१२ को दफा ३, मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा १९, २१(३) र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १ अभिमतको अधिकारलाई सुनिश्चितता गरेको छ। शासनमा जनताको सहभागिता सुनिश्चित गर्ने सशक्त माध्यम भनेकै आरूनो विचार अभिव्यक्त गर्ने अधिकार र सो अधिकार प्रयोग गर्ने माध्यम हो। आफूलाई मन लागेको कुरा व्यक्त गर्ने कुराअन्तर्गत व्यक्त गर्न नचाहेका कुरा व्यक्त नगर्ने अधिकार पनि समेटिएको हुन्छ। अभिव्यक्तिको स्वतन्त्रताले सकारात्मक अधिकारलाई मात्र समेट्‌दैन बरू अभिव्यक्ति नदिने स्वतन्त्रता अर्थात् नकारात्मक विषयलाई समेत समेट्‌दछ। अभिव्यक्तिको स्वतन्त्रताको सार के हो भन्ने सन्दर्भमा ब्रिटिश दार्शनिक जोन स्टुवार्ट मीलको भनाइ अहिलेको वर्तमान परिप्रेक्ष्यमा पनि उत्तिकै महत्त्वपूर्ण र सान्दर्भिक छ भन्नु अत्युक्ति नहोला। उनको भनाइअनुसार'समाजमा बहुमतको मात्र नभएर अल्पमतमा भएका व्यक्तिहरूको विचारलाई पनि त्यत्तिकै महत्त्वका साथ लिनुपर्दछ किनकि त्यस्तो अल्पमत राख्ने व्यक्तिहरूको विचार बहुमतको विचारभन्दा उत्कृष्ट र फलदायी साबित हुन सक्दछ। यदि यस्तो भएन भने पनि अल्पमत राख्ने त्यस्ता व्यक्तिहरूको विचारसँग बहुमतको विचारको अन्तरक्रियाबाट राम्रो र अझ बढी परिष्कृत विचारको सिर्जना हुन सक्दछ। यस्ता विचारहरूले त्यतिबेलासम्म समाजमा स्थान पाउनुपर्दछ जतिबेलासम्म त्यसले समाजका अन्य कुनै व्यक्तिलाई हानि पुग्दैन।' यी विद्वानको उक्त भनाइ वर्तमान परिप्रेक्ष्यमा पनि त्यत्ति नै सान्दर्भिक, विचारणीय र मननीय छ। बहुदलीय राजनीतिक प्रणाली अपनाएको हाम्रो जस्तो देशमा निर्णय प्रक्रियामा बहुमतीय प्रणाली अवलम्बन गर्ने परिपाटी भएको र सबै अवस्थामा नागरिकको सबै मतलाई राज्यबाट सम्बोधन गर्न सम्भव हुने नभए तापनि नागरिकको मतको महत्त्वलाई नकार्न सकिँदैन। तसर्थ समाजका हरेक नागरिकले पाएको विचार तथा अभिव्यक्तिको स्वतन्त्रताअन्तर्गत आफ्नो मत व्यक्त गर्न पाउने हकको अति महत्त्वपूर्ण स्थान रहेको कुरामा दुई मत हुन सक्दैन।

अन्तर्राष्ट्रिय स्तरमा यस अधिकारको स्थान कस्तोरूपमा रहेको छ भन्ने उल्लेख गर्नु यहां सान्दर्भिक हुन आउूछ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १९ ले हरेक व्यक्तिलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता प्रदान गरेको छ। यसैगरी धारा २१(३) मा निर्वाचनमार्फत् व्यक्त हुने जनताको इच्छा नै सरकारको आधिकारिकताको आधार हुने भनी उल्लेख गरिएको छ। यसबाहेक नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा १९(२) मा हरेक व्यक्तिलाई अभिव्यक्तिको स्वतन्त्रता हुनेछ जसअन्तर्गत सबै किसिमको जानकारी वा विचारलाई खोज्न, प्राप्त गर्न वा अभिव्यक्त गर्ने अधिकार हुन्छ भनी उल्लेख भएको छ। यसैगरी धारा २५ मा हरेक नागरिकलाई सार्वजनिक चासोको विषयमा आफै वा स्वतन्त्ररूपले छनौट गरिएका आरूना प्रतिनिधिमार्फत भाग लिन एवं बालिग मताधिकारको प्रयोग गरी आरूनो इच्छाको स्वतन्त्र अभिव्यक्तिको प्रत्याभूति गर्ने स्वच्छ आवधिक निर्वाचनहरूमा मतदान गर्नबाट बञ्चित नगरिने भनी उल्लेख भएको छ।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को यस व्यवस्थालाई संयुक्त राष्ट्र संघीय मानव अधिकार समितिको सन्ताउन्नौ सेसनले १२ जुलाई १९९६ मा एक टिप्पणी गरी यसको व्याख्या गरेको थियो। नेपालसमेत सदस्य राष्ट्र रहेको यस प्रतिज्ञापत्रको प्रावधानलाई क्षेत्रीयरूपमा रहेका अन्य अन्तर्राष्ट्रिय महासन्धि तथा बडापत्रहरूमा पनि आत्मसात् गरेको पाइन्छ।

भारतीय सर्वोच्च अदालतलेलिली थोमस वि लोकसभा १९९३,४,एस.सी.सी २३४ को मुद्दामा जनताको इच्छा उजागर गर्ने माध्यम उनीहरूको मत नै हुने कुरा उल्लेख गरेको छ।स्वाभाविकै रूपमा राजनीतिक वा अन्य प्रयोजनको लागि कुनै विषय वा व्यक्तिको छनौट गर्नुपर्दा विकल्पहरूको बीचमा प्राथमिकता तोक्ने कार्य हुने गर्दछ। कुनै एउटामात्रै दल वा एउटामात्र उम्मेद्‌वार भएको वा रहेको चुनावमा मतदान गर्नुको खासै अर्थ रहदैन।

राजनीतिक दलको भूमिका उपयुक्त उम्मेद्‌वार दिनु पनि हुन्छ। उम्मेद्‌वार थोपार्ने प्रवृत्तिलाई निरूत्साहित गरी प्रजातन्त्रको दिगो र संस्थागत विकास गर्नु राजनीतिक दलको प्रमुख दायित्त्व रहने हुन्छ। तसर्थ यसमा राजनीतिक दलले नै जनताको वास्तविक सहमति पहिल्याउन आवश्यक प्रक्रियाहरूको निर्धारण आफै गर्नुपर्ने हुन्छ।

सुनिल रञ्जन सिंह वि. निर्वाचन आयोगसमेत भएको उत्प्रेषण मुद्दा (ने.का.प. २०६८, वैशाख, नि.नं. ८५३५, पृ.२७) मालोकतान्त्रिक शासन व्यवस्थाको सार बालिग मताधिकार भएको र बालिग मताधिकारको सुनिश्चितताको लागि निर्वाचन प्रक्रियालाई नियमित एवं व्यवस्थित तुल्याउनुपर्नू भनी यसको महत्त्वलाई पुनः स्थापित गरिएको छ। कुनै पनि उम्मेद्‌वारलाई मन नपराएको खण्डमा नागरिकको यस्तो महत्त्वपूर्ण अधिकारलाई कसरी व्यवस्थित र मर्यादित तुल्याउन सकिन्छ भन्ने विषयलाई उपेक्षा गर्न सकिंदैन। मतदाताले कुनै पनि उम्मेद्‌वारलाई मत नदिई खाली मतपत्र वा आवश्यकभन्दा बढी कोठामा चिह्न वा तोकिएभन्दा बाहेकमा चिह्न लगाई मतपेटिकामा खसाल्न त नसक्ने होइन तर त्यस्तो मत बदर हुने हूदा उम्मेद्‌वारहरूप्रति असन्तुष्टिका कारणले वा अन्य कारणले त्यसो गरिएको हो सो खुल्न आउदैन।

कस्तो निर्वाचनलाई स्वच्छ भन्ने विषयमा अधिवक्ता मिहिरकुमार ठाकुर वि. निर्वाचन आयोगसमेत भएको परमादेश मुद्दा (ने.का.प. २०६२, भदौ,नि.नं. ७५४१, पृ.५९३)) माजनताले सही ढङ्गले आरूनो मत निश्चित गर्ने अवस्थामा हुनु स्वच्छ निर्वाचनको लागि आवश्यक हुनू भनी व्याख्या भएको छ।

भारतीय सर्वोच्च अदालतले निर्णय गरेको एक मुद्दाइन्दिरा नेहरूगान्धी वि राज नारायण,१९७५,एस.सी.सी १९८मा जनतालाई उनीहरूले छनौट गरेको उम्मेद्‌वारलाई मत दिन स्वतन्त्र भएमा मात्र त्यस्तो निर्वाचनबाट प्रजातन्त्रले राम्रोसंग कार्य गर्न सक्दछ भनी उल्लेख गरेको छ।

मिति २०७० साल पुस २१ विकास लकाई खड्‌कासमेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयसमेत (नेकाप २०७० अङ्क १० नि.नं.९०६९) मुद्दामासर्वोच्च अदालतको आदेशले प्रष्ट रूपमा,अब हुने संसदीय वा स्थानीय स्वायत्त शासन ऐनअन्तर्गतका निकायहरूसम्बन्धी निर्वाचनहरूमा कायम भएका उम्मेद्‌वारहरूमध्ये कसैप्रति पनि समर्थन छैन भनी मत जाहेर गर्ने कुरालाई पनि स्थान दिई निर्वाचन प्रक्रियामा व्यवस्था गरी सोअनुरूप मतपत्र ढाँचामासमेत समावेश गरी निर्वाचन सञ्चालन गर्ने प्रयोजनका लागि कानूनी एवं उपयुक्त कुराको व्यवस्था गर्न नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय, निर्वाचन आयोगलगायत विपक्षीहरूको नाउूमा निर्देशनात्मक आदेश दिएको थियो,तर यस अनुसार कानून नबन्नु दुखद पक्ष हो। सर्वोच्च अदालतले गरेको फैसलालाई अवमुल्यन गरेर विधिको शासन कानूनी राज्य ,सुशासन गर्न सकिदैन, तसर्थ दलहरू जिम्मेवार र गम्भीर बन्नुपर्छ। *झा अधिवक्ता हुनुहुन्छ।)*


नेपाल सरकार

अर्थ मन्त्रालय

**राजश्व अनुसन्धान विभाग**

हरिहरभवन, पुल्चोक, ललितपुर

**सूचना ! सूचना !! सूचना !!!**

कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले भन्सार महसुल, मु.अ.कर, आयकर, अन्त:शूल्क, विदेशी विनिमय अपचलन, बहाल कर, स्वास्थ्य सेवा कर, शिक्षा सेवा शूल्क छली गरेको वा अन्य कुनै प्रकारको कर तथा गैरकर राजस्व चुहावट गरेको जानकारी वा सूचना भएमा निम्नलिखित ठेगानामा उपलब्ध गराइदिनु हुन अनुरोध छ। सूचना दिनेको नाम नामेसी गोप्य राखी नियमानुसार पुरस्कार उपलब्ध गराइनेछ।

आन्तरिक रूपमा मालसामान ओसारपसार गर्दा साथमा बिल बीजक अनिवार्यरूपमा राख्ने र विदेशबाट पैठारी गरी आएका मालवस्तु भए बिल बीजकका अतिरिक्त भन्सार प्रज्ञापनको प्रतिलिपी समेत साथमा राखी ढुवानी गर्न गराउनुहुन सम्बन्धित सबैमा अनुरोध छ।

सम्पर्क ठेगाना :

**राजश्व अनुसन्धान विभाग**

हरिहरभवन, ललितपुर

टोल फ्रि नं. : १६६०-०१-५५०००, फोन नं. : ०१-५०१००५८

फ्याक्स नं. : ०१-५५४६४१२, इमेल : info@dri.gov.np







## मधेश अपडेट

### राजविराज-१५ मा उत्साहपूर्ण मतदान



चन्दनकुमार यादव

राजविराज। राष्ट्रिय जनता पार्टीका तर्फवाट वडा अध्यक्षका उम्मेदवार रहेका महन्थि यादवको मृत्युका कारण स्थगित गरिएको राजविराज नगरपालिका वडा नं. १५ देउरीभरूवामा बिहीबार कडा सुरक्षाबीच मतदान भएको छ। भाद्र ३१ गते यादवको निधन भएपछि सो वडामा सम्वन्धित दललाई उम्मेदवारी दर्ताको समय दिएर निर्वाचनको नयाँ कार्यक्रम तय गरिएको थियो। देउरी भरूवा स्थित जनता आधारभुत विद्यालय मतदान केन्द्रमा ७ सय ९८ र मुसर्नियाँ स्थित आधारभुत विद्यालयमा ८४१ गरी कुल १६३९ मतदाता छन्। सो वडामा निर्वाचन सरेकै कारण राजविराज नगरपालिकाको मतगणना सुरू हुन सकेको थिएन। विहान ७ वजेदेखि वेलुका ५ वजेसम्म भएको मतदानमा मतदाताहरूको उत्साहजनक सहभागिता देखिएको थियो। विहिवारै ति दुवै केन्द्रहरूवाट मतपेटिका संकलन गरी स्थानीय महेन्द्र क्लवमा ल्याई सर्वदलिय वैठक वसी अवेर राती देखिनै र नभ्याए शुक्रवार विहानैदेखि मतगणना सुरू गर्ने तयारी भएको जिल्ला निर्वाचन कार्यालय सप्तरीका प्रमुख महेश ठाकुरले जानकारी दिए। राजविराज नगरपालिकाको निर्वाचन हुन वाँकी रहेको एक्लो वडा नं. १५ को निर्वाचन भईरहँदा मतदातालाई आफनो पक्षमा मतदान गर्न आग्रह गर्दै चुनावी दौडमा रहेका सवै उम्मेदवार ५ वजेसम्म निर्वाचन स्थलमै ब्यस्त देखिन्थे। राजपाले सो वडामा नयाँ उम्मेदवारको रूपमा विद्यार्थी नेता अध्यक्ष पदमा उभ्याएको छ।

### घुस लिँदालिँदै वडा सचिव प्रक्राउ

कपिलवस्तु। कपिलवस्तु जिल्लाको यशोधरा गाउँपालिकामा नागरिकताको सिफारिस गर्न घुस लिदै गर्दा वडा सचिव सहित २ जना कर्मचारीलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको टोलीले पक्राउ गरेको छ। बुधबार दिउँसो स्थानीय एक सर्वसाधारणबाट नागरिकताको सिफारिस लिन आउँदा घुस लिएको आरोपमा अख्यिारको टोलीले सो गाउँपालिका वडा नं. ४ का वडा सचिव अयोध्या प्रसाद विश्वकर्मा र कृषि प्राविधिक सहायक बृजेश चाईलाई पक्राउ गरेको हो। पक्राउ परेका वडा सचिव विश्वकर्मा सहित प्रा.स.चाईले स्थानीय सर्वसाधारणबाट ७ हजार रूपैयाँ घुस लिएको बताइएको छ। पक्राउ परेका दुवै कर्मचारीलाई अख्तियारको टोलीले थप अनुसन्धानका लागि अख्तियार अनुसन्धान आयोगको कार्यालय बुटवलमा लिएर गएको छ।

### वास्तविक बिल बिजकलाई मान्यता दिन आग्रह

रूपन्देही। यस क्षेत्रका व्यवसायीहरूले भारतबाट सामान ल्याउँदा वास्तविक बिल बिजकलाई भन्सारमा मान्यता दिन सरकारसँग आग्रह गरेका छन्। भारतमा जीएसटी लागू भइसककेको अवस्थामा वास्तविक बिललाई मान्यता नदिँदा कतिपय बस्तुको आयातमा समस्या परेको व्यवसायीहरूले बताएका छन्। बुटवल उद्योग बाणिज्य संघमा आज बाणिज्य मन्त्रालयका सचिव सहितको टोलीसंगको अर्न्तक्रियामा बोल्दै व्यवसायीहरूले भारतमा जीएसटी र नेपालमा एक्जिम कोड लागु भएपछी सामान आयातमा समस्या झन बढेको गुनासो गरे। कार्यक्रममा इलेक्टिक, मोटरपार्टस, मार्वल र हार्डवेयर व्यवसायीहरूले बिललाई मान्यता नदिएको र कपडा व्यवसायीहरूले भंसार दर बढी भएकाले भन्सारमा सामान रोकिएको बताएका थिए। कार्यक्रममा बोल्दै बाणिज्य मन्त्रालयका सचिव चन्द्र कुमार घिमिरेले अनौपचारिक कारोवारलाई निरूत्साहित गदै बैद्य कारोवारलाई प्रसय दिन भारतले जीएसटी र नेपालले एक्क्जिम कोडको व्यवस्था गरेको वताए।

### ७५ परिवारलाई राहत सामग्री वितरण

नेपालगन्ज। बाढीबाट प्रभावित बाँकेको डुडवा गाउँपालिका वडा नम्बर २ (दासपुरवा) का स्थानियलाई राहत स्वरूप खाद्य सामाग्री सामग्री वितरण गरिएको छ। गुरूद्धारा श्री गुरू नानक ससंग बिपी चोक नेपालगंजले बस्तीमै पुगेर ७५ घर परिवारलाई खाद्य सामग्री परिवारलाई राहत सामाग्री वितरण गरिएको छ। जसमा तेल ३ कार्टुन, नुन ७० प्याकेट, चामाल २५ बोरा, आलु ३ बोरा, स्वाबीन ३ बोरा गरि जम्मा रू ४० हजार बराबरको रहेको जनाईएको छ। गुरूद्धारा श्री गुरू नानक ससंग बिपी चोक नेपालगंजका प्रधान राजु सिंहको अध्यक्षतामा सञ्चालीत राहत वितरण समारोहमा प्रमुख अतिथी गुरूद्धारा श्री गुरू नानक ससंगका कोषाध्यक्ष जोगेन्दर सिंह र विशिष्ट अतिथीमा नेपाल शिव सेना बाँकेका अध्यक्ष राज कुमार रौनियार रहेका थिए।

### महिलाको पाठेघर खस्ने समस्या बढ्‌दै

चन्द्रकान्त खनाल, रूपन्देही। ग्रामिण भेग तथा सहरी दुबै क्षेत्रमा महिलाहरूको आङखास्ने समस्या दिनहुँ बढ्‌दै गएको पाइएको छ। श्रृजनशिल समाज नेपाल र वातावरणीय कृषि तथा विकास केन्द्र काठमाडौंले बुटबलमा आयोजना गरेको अन्तरकृया कार्यक्रममा वोल्ने चिकित्सक तथा सरोकारहरूले उक्त कुरा बताए। आङ खस्ने, सवाल र यौन तथा स्वास्थ्य अधिकार विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै लुम्बिनी अञ्चल अस्पतालका महिला तथा प्रसुती रोग विशेषज्ञ डा. शकुन्तला गुप्ताले यो महिलाहरूको समस्या भएपनि एकजनामा यो समस्या भए पुरै परिबारलाई समस्या हुने भएकोले जनचेतना जगाउनु सबैभन्दा बढी प्रभाबकारी भएको बताइन्। अहिले नेपालमा ७ देखी ३५ प्रतिसत महिलामा यो समस्या भएको बताईन। नेपालमा अहिले पनि ६ लाख महिला हरू पाठेघरको समस्या भएको र २ लाखलेमात्र अप्रेशन गरेका बताउदै अहिले पनि ४ लाख महिला अप्रेशनको आबश्यकता भएको बताईन।अहिले सम्म सरकारको तर्फवाट ७५ हजारले अप्रेशन र अन्यसंस्थाहरूबाट ८ हजार महिलाको अप्रेशन गरिएको बताइन्।

### जवाफदेहिता निगरानी समितिमा पाण्डे

कपिलबस्तु। जवाफदेहिता निगरानी समितिको संयोजकमा जय प्रकाश पाण्डे चयन भएका छन्। मानवअधिकार जवाफदेहिता अभिवृद्धिको क्षेत्रमा कार्यरत दुई दर्जन भन्दा बढी संघ संस्थाहरूको साझा संजालसमितिको संयोजकमा पाण्डे सहित ७ सदस्यीय कार्य समिति चयन गरेको हो। जसको सदस्य सचिव शशि सिंह, सदस्यहरूमा दिनेश त्रिपाठी, जियाउल हक, पुस्पा रेग्मी, माया नेपाली र ओरी राम चौरसियारहेका छन्। नयाँ कार्य समितिलाई बधाई तथा शुभाकामना व्यक्त गर्दै समितिका पुर्व अध्यक्ष रविन्द्रनाथ ठाकुरले मानवअधिकार र जवाफदेहिता अभिवृद्धिका क्षेत्रमा काम गर्दा आउन सक्ने सम्भावित चुनौतीहरूलाई सामुहिक आवाज बनाई कार्य गर्दा उद्देश्य हासिल सहज हुने भएकाले यस समितिको आवश्यकता रहेको कुरामा जोड दिए।

### स्वास्थ्य सेवा प्रभावित

रौतहट। स्वास्थ्य क्षेत्रका कर्मचारी स्थानीय तह निर्वाचनमा खटिएपछि रौतहटमा स्वास्थ्य सेवा प्रभावित बनेको छ। जिल्लाका विभिन्न मतदान केन्द्रमा दुई सय ५० स्वास्थ्यकर्मी खटिएका छन्। निर्वाचनका लागि भदौ २१ गतेदेखि नै कर्मचारी खटिएका हुन्। यससँगै ग्रामीण भेगका स्वास्थ्य संस्थामा सेवा अवरूद्ध भएको छ। जिल्लामा दुई, चार प्राथमिक स्वास्थ्य केन्द्र र ९२ वटा स्वास्थ्य चौकी छन्। त्यस्तै, प्रसूति सेवा दिने २१ वटा संस्थाको सेवासमेत प्रभावित छ।

### आगलागीमा परी चार जना घाइते

मोरङ। मोरङ जिल्लामा आगलागी हुँदा जलेर चार जना घाइते भएका छन्। कानेपोखरी गाउँपालिका-३ हर्कपुर बस्ने ५५ वर्षीय चन्द्रबहादुर राईको घरमा बिहीबार आगलागी हुँदा निज चन्द्रबहादुर, उनकी श्रीमती ५० वर्षीया पार्वता राई, उनकै बहिनी ४५ वर्षीया बिष्णुकुमारी राई र आमा ८६ वर्षीया गंगामाया राई समेत ४ जनाको जलेर मृत्यु भएको छ। उक्त घरमा आगलागी भएको भन्ने खबर प्राप्त हुनासाथ खटी गएको प्रहरीले स्थानियबासी र दमकलको सहयोगमा आगो नियन्त्रणमा लिएपछि उनीहरूको शव डढेको अवस्थामा फेला परेको हो। आगलागीको कारण खुल्न सकेको छैन।

राष्ट्रिय साप्ताहिक मधेशवाणी



# नेपालप्रति चीन र भारतको नीति



मनोज कुमार कर्ण

> चीनले नेपालमा मधेशी-पहाडीको खाडलमा रमायो भने भारतले यी दुइटै समुदायको विकास र बराबरीमा वकालत गर्दै समन्यायको कुरो गऱ्यो । अर्थात्, सत्यता, मानवता पक्षधर लोकतान्त्रिक अलायन्स कसरी चीनको राक्षसी पक्षको अगाडी युद्ध हार्नेछ ?

पहिलो, संवत् २०६६ वैशाख १ गते नयाँ वर्षको उपलक्ष्यमा विश्वभाषा क्याम्पसको प्रांगणमा करिब ६० वटा जति प्लास्टिकको कुर्सी लगाइएको माझमा तत्कालीन प्रतिपक्षी दलका नेता तथा काँग्रेस सभापति गिरिजाप्रसाद कोइरालाले स्पष्ट शब्दमा नेपाली सेनामाथि प्रधानमन्त्री प्रचण्ड र उनका माओवादीद्वारा लगाइरहेको आरोपहरूको लहैलहैमा लागेर अनावश्यक पक्ष वा विपक्ष केही पनि नलेख्न प्राध्यापकलाई आग्रह गर्नु भएको थियो । उनको भनाई थियो, 'सेनालाई ध्वस्तपार्न प्रचण्डले चितवनको शक्तिखोरमा जनमिलिसियाको अगाडी के बोलेका छन्, त्यो सबै जानकारी हामीसँग छ । हामी उचित समयमा बोल्ने छौं । यो अति सम्वेदनशील मामिला हो ।' नभन्दै केही दिनमा नै इमेज टेलिभिजनबाट त्यो सार्वजनिक भयो जबकि त्यो सिडी राष्ट्रपति, काँग्रेस र एमालेका जिम्मेवार उच्च तहका प्राय: सबैले दर्जनौं चोटी हेरिसकेका थिए । दास्रो, भारतीय प्रम नरेन्द्र मोदीले चीनले दोक्लामको मुद्दामा जति भारतलाई उचालेपनि उनले युद्ध गरिनै हाल्ने मनसायले कहिल्यै प्रस्तुत भएनन् ।

अर्थात्, चीनको प्रतिस्पर्धी भारतले नै युद्ध नचाहेको ठाउँमा सधैं नेपालले शान्ति चाह्ने देशको एउटा जिम्मेवार विश्वविद्यालयको सदस्य मैंले कसैको पक्षमा र युद्ध भड्काउ लेख लेख्नु गल्ति हुनेछ । कम्तिमा नेपालको अस्तित्वको लागिपनि नेपालका हरेक खाले नागरिकले शान्त बस्नु नै उचित छ । तर नेपालका चिनियाँ अन्धभक्तहरू हामी निरपेक्ष वा असंलग्न वा तटस्थ बस्नेहरूले जहिलेपनि बढाईचढाई मीडीयामा भारतको गोर्खा ल्याण्ड वा दोक्लाम बारे मधेसी र भारतलाई जोडेर तल पारेर लेख्या लेख्यै गरेको हुनाले स्वाभिमान तथा ती चीन भक्त केही पहाडी अवाम् उपबुज्रुकहरूलाई सतही विश्लेषण गर्न छोडेर अन्तर्राष्ट्रिय अध्ययनको गहिराईसम्म लान पहाडी मीडीयाले स्थान नदिएपनि मधेशीहरू पनि लेख्न, धारणा राख्न सक्षम छन् भनि सावित गर्न र नेपाललाई मधेशीको तर्फबाट कसरी जोगाउन सकिन्छ भन्ने राष्ट्रिय भावनाले म माथिका सबै कुरा स्मरण रहेपनि लेख्ने गरेको छु । नेपालका कति कम्युनिस्ट मीडीया हाउस तथा पत्रिकाहरूले हाकाहाकी हामी कम्युनिस्टप्रति चीन र हामी चीनप्रति नरम छौं भनेरै उसको पक्षमा नेपालमा डेमोक्र्याटिक पल्लावाला तथा भारतलाई होच्याएर लेख्दा भारत तथा डेमोक्र्याटिक पक्षधरको मनोबल बनाइराख्न र कम्युनिस्टहरूको मीडीयाको दुरूपयोगमा गरिने लफ्फाबाजीलाई समाप्त पार्नपनि मैंले लेख्न उचित ठान्दछु । कसैले फलानो अमुख देशको भयो भन्नेलाई निजको बुद्धिमा कीरा लाग्यो सिवाय केही भन्न पनि सक्तिनँ तर सफल ईलाज गराउन कामना भने गर्न सक्छु ।

**चिनीयाँ सैनिकको राष्ट्रपतिलाई असहयोग**

यो पढेर कतिलाई पैतालामुनीको जमिन सरेको महशुस हुनेछ कि राष्ट्रपति सी जिन्पिङलाई दोक्लाम विवादमा भारतविरूद्ध युद्ध गर्न चिनियाँ सैनिकको सहयोग प्राप्त भएन । त्यस्ता मित्रले यो सम्झिंदा सतम्भकारको कुरा पत्याउन करै लाग्नेछ । गत अगस्त २८ तारिख अर्थात् गत भदौ १२ गते दोक्लामबारे भारत-चीन बीच सम्झौता भएकै केही घण्टामा चीनले आफ्नो देशको सैन्य प्रमुखलाई बदल्यो जो भियतनाम युद्धमा भाग लिईसकेको तथा राष्ट्रपति जिन्पिङका अति निकटका छन् । यसरी चिनियाँ सैनिकको असहयोग हुनुमा चिनियाँ सैनिकले चीनको वैभवशालीतालाई हेरेको सजिलै बुझ्न सकिन्छ । किनकि चीनले भारतलाई दुई सातामा दोक्लामबाट भारतीय सैनिक नहटाए चीनले सानो सैन्य कार्वाही गर्ने र भारतीय सैन्यलाई खेद्न सकिने भनेर भारतको भाषामा गिदरभम्की दियो तर भारतले अटेर गरेर बरू चीनले धम्क्याएको धम्क्याएकै गरेकोले प्रतिरोधमा भारतीय सुखोइ, पन्डुब्बी जहाज, इन्डियन एयरफोर्सको 'हात्ती', अल्ट्रा र अति तेज गतिको तोप अरूणाचलतिर पठाउँदा चीन ब्याक भयो । राष्ट्रपति जिन्पिङको एकसाथ भारत तथा उ.कोरियामार्फत् अमेरिकासँग दुईटा मोर्चामा युद्ध गर्ने नीतिले चिनियाँ सैनिक हच्कियो र चिनियाँ सैनिक/रक्षा मन्त्रालयकै धम्कि अनुसारपनि दुई सातामा भारतीय सैनिकपनि ब्याक भएन, भारतमाथि चीनको कार्वाहीपनि भएन । कूटनीतिमा यसभन्दा शर्मनाक पराजय अरू केहीपनि हुँदैन । त्यसैले बढी बोल्नु हुँदैन । आज चीनमा कम्युनिष्ट शासन नभएको भए वर्तमान राष्ट्रपतिको पद र राजनीतिमा ज्वालामुखी विस्फोटन भइसक्या हुन्थ्यो । उता चिनियाँ सैनिकले जसले जति भनेपनि, जति बढी संख्या मारहान्ने सैनिक हतियार, विमान, ट्यांक आदि देखाएपनि आफ्ना हतियारहरू निकै पुराना तथा काम नलाग्ने रहेको तथ्य भारतीय सैन्य एक्सपर्टहरूलाई राम्ररी थाहा भएको ज्ञात थियो ।

**भारतलाई चीनमा ब्रिक्स सम्मेलनमा उपहार**

ब्रिक्स अर्थात् ब्राजिल, रूस, इन्डिया, चाइना र साउथ अफ्रिका अर्थात् विश्व जनसंख्याको करिब ४३ प्रतिशत आवादी भएका देशहरूको सम्मेलन यसपाली चीनमै आयोजना गरिने भएकोले चिनियाँ राष्ट्रपति सी जिन्पिङ भारतको उपस्थिती, भारतको विषय उठान आदिलाई लिएर दोक्लाममा भारतीय सैनिक चीनले बढी बोलिदिएको सन्दर्भ अझ ब्याक नभईदिंदा आयोजक राष्ट्रको तर्फबाट अति टेन्सनमा परेका थिए । भनिन्छ, राष्ट्रपति जिन्पिङले भारतीय प्रम मोदीलाई यो सम्मेलन सफल पार्न तथा दोक्लामको मुद्दा नउठाइदिन आशय र डिप्लोम्याटिक च्यानेलद्वारा अपील गरेका थिए । प्रम मोदीले सबै मनन् गर्दै सघाइदिए अर्थात् यी दुइटै कुरामा सहयोग गरिदिए तर संयुक्त राष्ट्र संघमा पाकिस्तान समर्थित एन्टि इन्डियन आतंकवादी हाफिस सइद र मसूर अजहरमाथि भारतले आतंकवादी घोषणा गर्न लागेको प्रस्तवामा चीनले भीटो प्रयोग गर्ने चेतावनी दिएको सन्दर्भमा यसपाली पाकिस्तान-चीन मित्रतामा तिक्तता ल्याउन तथा भारतको कूटनीतिक शान्दार जीत देखाउन प्रम मोदीले सहयोगकवापत् सइद र अजहरलाई आतंकवादी चीनकै मुखले बोल्न लगाएर घोषणापनि गर्न लगाए जुन भोली युएनओमा सहयोगी सावित हुनेछ । प्रसिद्ध अभिनेता राजकुमारको डायलग भारतलाई काम लाग्यो: 'जौनी, जिसका घर शिशे का हो, वह दूसरे के घर पे कभी पत्थर फेका नहीं करते !' अर्थात्, चीन र राष्ट्रपति जिन्पिङको यति कमजोरी नस थाहा पाएको भारत र प्रम मोदीले कहाँ यति सजिलै छोड्छन् ?

**नेपालले के गर्ने ?**

स्वाभाविक छ हामी एमाले समग्र पार्टी, केपी ओली, केही राजावादी, काँग्रेसी तथा समग्र कम्युनिस्ट मधेशी तथा भारतविरोधी चिनियाँ नेपाली भक्तहरूलाई रावणको दरबारमै सत्य स्थापना तथा रावणको हिंसा र अत्याचारलाई रोक्न रामका पक्षधर हनुमान तथा अंगदहरूले युद्ध भएर सर्वनाश हुन अघि दिएका चेतावनी जस्तै यो प्रष्ट शब्दमा भन्न चाहन्छौं कि सि जिन्पिङ जस्तै मधेशी र भारतको विपक्षमा हाइब्लड प्रेसरमा बढी नबोलौं नत्र पराजय हाल श्री जिन्पिङकै जस्तै लज्जास्पद हुनेछ । मधेशी यस देशका नागरिक हुन्, मधेशका आदिवासी मधेशी हुन् । देशको कुनैपनि कालखण्डमा विदेशीसँग सौदाबाजी मधेशीले गरेका छैनन् बरू, ती सबै नदिनाला बेच्ने, गल्ति सम्झौता गर्नेहरू, शेरे धनुषा राजावादी नेता स्व. हेमबहादुर मल्लको भाषामा 'पहडीयाहरू चाकमा लागू औषध र सुन तस्करी गरेर उल्टै मधेशीलाई विदेशी र देशद्रोही भन्ने हरू' पहाडी नै हुन् (*जनआस्था*मा केही वर्ष अघि प्रकाशित अन्तर्वाताबाट)। नेपाल चीनको पक्षमा नढल्केर स्वतन्त्र बसेर नेपालको राष्ट्रियता जोगाउने जिम्मा अब मधेशी तथा लोकतान्त्रिक अलायन्सको छ । राष्ट्रियताको सवालमा कम्युनिस्टहरू त्यसको परिभाषा बोर्डरलेस बनाइदिएर जुन देशमा बस्छन्, पहिचान पाउँछन्, जसको खान्छन्, त्यसकै विरूद्धमा बोर्डर टुटाउने काम नेपालका केपी ओलीहरूले नेपालमा हाल मधेशीको अंशलिन संविधान संशोधन हुन नदिई देशलाई मधेशी-पहाडीमा विभक्त गराई देश टुक्र्याउन उद्यत पारिदिएर गर्छन् । कार्ल मार्क्सको बद्नामी गर्ने, २१ सौं शताब्दीमा मधेशी र भारतीय संस्कृतिलाई नस्विकार्ने कबिला जमानाको मान्छे हाल जन्मेका, नेपालका जनताबीच एकताको महाशत्रु तथा अराष्ट्रिय तत्व र नेपाललाई टुक्र्याउन कसम खाएका अरू कोही नभएर यी कम्युनिस्ट सत्ताका लोभीपापीहरू तथा केहीमात्र काँग्रेस र राजावादीहरू छन् । वास्तवमा नेपालमा भारतीय दृष्टिकोण तत्काल एमालेलाई नेपालकै जनताको बुद्धिको बिर्को खोलिदिएर साइजमा ल्याउनुछ भने पछि अर्को कम्युनिस्टको पालो छ ! अर्थात्, भारतसित अनुहारमा मीठो कुरा गरेर पछाडीबाट पाकिस्तान उचाल्ने वा सैन्य धम्की दिने चिनियाँ नीति मोदी सामु टिकेन भने चीनका भक्तहरूको नेपालमा भारतविरूद्ध अब के चल्छ ? भारत नेपालको पहाडीविरूद्ध छैन भनेर नै गोरखा बटालियनबाट जागिर खाएका सैन्य विपिन रावतलाई हाल सेना प्रमुख बनाएको छ भने अति चर्चित र शालीन मनोज सिन्हालाई उत्तरप्रदेशको मुख्यमंत्री नदिएर अजयसिंह विष्ट (योगी आदित्यनाथ)लाई बीजेपीले बनाएको छ । उता नेपाल मामिलामा महेन्द्र पी. लामा जस्ता पहाडीलाई दिएको छ । अर्थात्, चीनले नेपालमा मधेशी-पहाडीको खाडलमा रमायो भने भारतले यी दुइटै समुदायको विकास र बराबरीमा वकालत गर्दै समन्यायको कुरो गऱ्यो । अर्थात्, सत्यता, मानवता पक्षधर लोकतान्त्रिक अलायन्स कसरी चीनको राक्षसी पक्षको अगाडी युद्ध हार्नेछ ?

(लेखक पाटन संयुक्त क्याम्पसमा उपप्राध्यापक हुन्)


नेपाल सरकार
पशुपंन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
उच्च पहाड कृषि व्यवसाय तथा जीविकोपार्जन सुधार आयोजना
आयोजना व्यवस्थापन कार्यालय
हरिहर भवन, ललितपुर

हिमाली क्षेत्रका १० जिल्ला (संखुवासभा, सोलुखुम्बु, दोलखा, रसुवा, मनाङ्ग, मुस्ताङ्ग, जुम्ला, डोल्पा, हुम्ला र मुगु) मा हिमाली आयोजना सञ्चालनमा रहेको छ । यस आयोजनाले उक्त जिल्लाहरुमा कृषि, पशु पालन, जडीबुटी उत्पादन तथा प्रशोधन र अन्य (रेन्बो ट्राउट माछा पालन, मौरी पालन, कृषि पर्यटन आदि) मा गरि जम्मा ६४० उप-आयोजनाहरुलाई व्यवसायिक आयोजना सञ्चालन गर्न लागतको ८०% सम्म अनुदान दिएर त्यस क्षेत्रको निर्वाहमुखि कृषि व्यवसायलाई व्यवसायीकरण गर्न सहयोग गरेको छ ।

हालसम्मका केही उपलब्धिहरु

१) बागवानी विकास तर्फ विशेष गरि स्याउ खेती र किवी खेती तथा पशु पालन तर्फ बाख्रा, भेडा, च्याँग्रा, गाई, याक/चौरी, बंगुर को उत्पादन र व्यवसायीकरणमा विशेष टेवा पुगेको छ ।

२) आयोजनाले सोलुखुम्बु , दोलखा, रसुवा, मनाङ्ग र मुस्ताङ्गमा रेन्बो ट्राउट व्यवसायीहरुलाई माछा पालनको लागी अनुदान प्रदान गरेको छ । यस मध्ये सोलुखुम्बु, मनाङ्ग र मुस्ताङ्गमा पहिलो पटक रेन्बो ट्राउट माछा सफलता पूर्वक उत्पादन गरिएको छ ।

३) आयोजनाले अनुदान दिएको उप-आयोजनाहरुमा हालसम्म करीब ७९०३ (पूर्णकालिन तथा ज्यालादारी) जनालाई प्रत्यक्ष रोजगारी प्रदान गरेको छ भने व्यवसायीहरुले लगभग रु. ४८ करोड आम्दानी पनि प्राप्त गरिसकेका छन् ।

" हिमाली आयोजनाको अनुदान सहयोगमा सञ्चालीत उप-आयोजनाहरुको निरन्तरताको लागि समन्वय र सहयोग गरौं ।"

हिमाली आयोजना
हरिहर भवन, ललितपुर
फोन 015525831, 5528660
टोल फ्री नम्बर 16600115500
वेब साइट www.himali.gov.np


## संक्षिप्त समाचार

### ठोरी गाउँपालिकामा माओवादी विजयी

पर्सा । पर्साको ठोरी गाउँपालिको अध्यक्षमा माओवादी केन्द्रका पिएल श्रेष्ठ र उपाध्यक्षमा सोही दलका शान्तिकुमारी थिङ विजयी भएका छन् । श्रेष्ठले दुई हजार ८०२ मत प्राप्त गरेका छन् भने उनका निकटतम प्रतिद्वन्द्वी नेकपा एमालेका लालबहादुर श्रेष्ठले दुई हजार ३६३ मत प्राप्त गरेको निर्वाचन कार्यालयले जनाएको छ । उपाध्यक्षमा माओवादीका थिङले दुई हजार ४८३ मत प्राप्त गरेका छन् भने उनका निकटतम प्रतिद्वन्द्वी एमालका गोकुलीकुमारी रेग्मीले दुई हजार ३०२ मत प्राप्त गरेका छन् ।

### अमेरिकी डलरसहित चिनियाँ पक्राउ

रसुवा । नेपालबाट चीन जान लागेकी चीनिया नागरीक पासपोर्ट नम्बर इए ९३८८६८२ बाहक लि लिवाङ (महिला) लाई अमेरीकी डलर १ सय दरको ४ सय ३५ थान र ५० दरको १ सय ३० थान सहित बुधबार प्रहरीले पक्राउ गरेको छ । गोसाईकुण्ड गाउँपालिका-२ रसुवागढी नाकामा बिशेष सूचनाको आधारमा जाँच गर्ने क्रममा लिवाङको झोलामा लुकाईछिपाई राखेको उक्त अमेरिकी डलर फेला परेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### बसमा अर्को बसले ठक्कर दिँदा दुईको मृत्यु

रूपन्देही । देबदह नगरपालिका-१० भलुही जंगलस्थित महेन्द्र राजमार्गमा रोकिराखेको ना.५ ख ३१५९ नम्बरको बसलाई ना.७ ख ६९८ नम्बरको बसले सोमबार ठक्कर दिँदा दुई जनाको मृत्यु भएको छ । दुर्घटनामा सल्यान खलङ्गा नगरपालिका-२ बस्ने २१ वर्षीय सुजन परियारको घटनास्थलमै तथा गम्भीर घाइते भएका सुर्खेत पन्चपुरी नगरपालिका-५ बस्ने ३० वर्षीय भिमबहादुर सुनारको लुम्बिनी अञ्चल अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । साथै दुर्घटनामा घाइते भएकी दाङ देउखुरी बस्ने ३६ वर्षीया सुमित्रा सुनारको सोही अस्पतालमा उपचार भइरहेको छ । दुबै सवारी साधन तथा चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### कर्णाली नदीमा डुबेर मृत्यु

कैलाली । कर्णाली नदीमा माछा मार्ने क्रममा एक युवकको मृत्यु भएको छ । टिकापुर नगरपालिका-५ नुक्लीपुर बस्ने २२ वर्षीय अनन्त पाल चौधरी माछा मार्न भनी कर्णाली नदी गएकोमा नदीमा डुबेको अवस्थामा आइतबार मृत फेला परेको प्रहरीले जनाएको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### बारामा दुई किरियापुत्रीद्वारा मतदान

बारा । प्रदेश नं. २ मा तेस्रो चरणको स्थानीय तह निर्वाचनमा जिल्लामा दुई किरियापुत्रीले मतदान गरेका छन् । बारा जिल्लाको जितपुरसिमरा उपमहानगरपालिका-१ को स्वास्थ्य चौकीको मतदान केन्द्र 'ख' बाट उनीहरूले मतदान गरेका हुन् ।

### मतदान गरेर निस्किने बित्तिकै मृत्यु

धनुषा । धनुषाको बटेश्वर गाउँपालिका-१ का ६२ वर्षका जोगेन्द्र सिंहको भोट हालेर निस्कने बित्तिकै निधन भएको छ । हृदयघातका कारण उनको निधन भएको परिवारले जनाएको छ । श्रीलक्ष्मी माध्यमिक विद्यालय, चित्रपुर मतदान केन्द्रबाट भोट दिएका सिंहको बुथबाट बाहिर निस्कने बित्तिकै निधन भएको परिवारले जनाएको छ ।

### अवैध लागूऔषध सहित पक्राउ

बारा । परमानिपुर गाउँपालिका-३ स्थित भोगभगत बिज्ञान भवन मतदान केन्द्र अगाडिबाट बिना पासको ना.३४ प ९७ नम्बरको मोटरसाइकलमा सवार बाराको परवानिपुर गाउँपालिका-२ बस्ने २१ वर्षीय संजिबकुमार सराफ लगायत ३ जनालाई सानो चक्कु र २० ग्राम लागूऔषध गाँजा सहित सोमबार प्रहरीले पक्राउ गरेको छ ।

### स्कुल बसको ठक्करबाट साइकलयात्रीको मृत्यु

नवलपरासी । बर्दघाट नगरपालिका-१ पुनर्बासस्थित बर्दघाट-त्रिबेणी सडक खण्डमा लु.१ ख ३९१४ नम्बरको न्यूलाईफ बोर्डिङ स्कुल बर्दघाटको बसको एक साइकलयात्रीको मृत्यु भएको छ । सोमबार ठक्करबाट गम्भीर घाइते भएका साइकलयात्री सोही नगरपालिका-२ चिसापानी बस्ने ५० वर्षीय काशीनाथ उपाध्यायलाई उपचारको लागि सामुदायिक अस्पताल चौपत्ता लगिएकोमा उपचारको क्रममा मृत्यु भएको छ । ठक्कर दिने बस र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### करेन्ट लागेर किशोरको मृत्यु

मोरङ । विराटनगर महानगरपालिका-१९ सरदार टोल बस्ने नित्यानन्द सरदारको छोरा १३ वर्षीय रन्जित सरदारको करेन्ट लागेर मृत्यु भएको छ । घरमा कोही नभएको अवस्थामा बिजुलीको पंखा जोडने क्रममा शुक्रबार अचानक करेन्ट लाग्दा उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

### पोखरीमा नुहाउने क्रममा बालिकाको मृत्यु

धनुषा । पोखरीमा नुहाउने क्रममा डुबेर एक बालिकाको मृत्यु भएको छ । लक्ष्मीनिया गाउँपालिका-२ सपही बस्ने लालुमहमद रायनकी छोरी ६ वर्षीया फत्मा खातुनको आफ्नै घर नजिकैको सार्बजनिक पोखरीमा नुहाउने क्रममा शनिबार डुबेर मृत्यु भएको प्रहरीले जनाएको छ ।

### काठको पुलबाट लडेर मृत्यु

कैलाली । जानकी गाउँपालिका-१ टोरियापुर बस्ने ५५ वर्षीय पुरिलाल चौधरीको काठको पुलबाट लडेर मृत्यु भएको छ । सोही गाउँपालिका-३ स्थित काठको पुलबाट लडेर शुक्रबार गम्भीर घाइते भएका चौधरीलाई उपचारको लागि टिकापुर अस्पताल लगिएकोमा उपचारको क्रममा मृत्यु भएको हो ।

### बेवारिसे अवस्थामा नवजात शिशु फेला

कपिलवस्तु । महाराजगंज नगरपालिका-११ शंकरपुरस्थित बेल नदीको छेउमा करीव १/२ घण्टा अगाडि जन्माएको जस्तो देखिने बालिका जातको नवजात शिशु शनिबार बेवारिसे अबस्थामा फेला पारिएको छ । उक्त शिशुलाई उपचारको लागि जिल्ला अस्पताल तौलिहवा लगिएको छ । जन्माएर छोड्ने आमाको खोजी गर्नुको साथै यस सम्बन्धमा प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ ।

### लुटपाट गर्ने दुई जना पक्राउ

बाँके । नेपालगञ्जमा मानिसको शरीरमा चिलाउने लेदो तथा बिस्कुटको लेदो छर्केर लुटपाट गर्ने दुई जनालाई प्रहरीले पक्राउ गरेको छ । नेपालगञ्जस्थित मेघा बैङकमा २०७३ साल कार्त्तिक ५ गते ५ छ लाख रूपैयाँ जम्मा गर्न गएका नेपालगञ्ज-१ का जङग शाहको शरीरमा सुर्खेत रोडमा चिलाउने धुलो छर्केर शाह शरीर धुन नजिकै रहेको धारामा नुहाउन गएको अवस्थामा उनीसँग भएको लुटपाट गरेका थिए ।

### गहना बरामद

धनगढी । करिब साढे ८ सय ग्राम सुनका गहना कैलाली प्रहरीले बरामद गरेको छ । भारतको बैंग्लोरमा काम गरी नेपाल आउँदै गरेको तीनजनाको साथबाट उक्त सुन बरामद गरेको प्रहरीको भनाई छ । उक्त सुन चोरेर ल्याइएको आशंकामा तीनैजनालाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

### लक्ष्यअनुसार राजस्व असुली

वीरगन्ज । वीरगन्ज भन्सार नाकामा लक्ष्यअनुसारको राजस्व उठाइएको छ । भन्सार कार्यालयले भदौ महिनामा लक्ष्यअनुसारको राजस्व असुल गर्न सफल भएको हो ।

### बाँसको खपटा प्रहारबाट मृत्यु

रौतहट । कटहरिया नगरपालिका-८ बलुवाटोल बस्ने ४८ वर्षीय रामपुकार राय यादवको छिमेकीले बाँसको खपटा प्रहार गर्दा बुधबार मृत्यु भएको छ । सोही ठाउँ बस्ने ४० वर्षीय गौरीशंकर राय यादव लगायतले बाँसको खपटाले हिर्काउदा गम्भीर घाइते भएका रामपुकारको उपचारको लागि जिल्ला सरकारी अस्पताल गौरतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो । उक्त घटनामा संलग्न सोही ठाउँ बस्ने २२ वर्षीय दिपेन्द्रकुमार यादव र ३३ वर्षीय अनुठा राययादवलाई प्रहरीले पक्राउ गरेको छ । साथै फरार रहेका निज गौरीशंकरको खोजी गर्नुको साथै घटनाका सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

# चुनावी दंगलका राजनीतिक पहलवानहरू

## "खस" महिमा र मधेश आन्दोलन : भाग ३८२



❖ उपेन्द्र झा

चारैतिर अराजकको अवस्था व्याप्त छ। आफ्नो अलोकप्रियतालाई जनतामाथि लाद्ने मूर्ख शासकहरू अहिलेको अवस्थामा पनि जंगबहादुर कै शैलीमा शासन गर्न खोज्छन्। मधेशसंग सीधा टक्करका वातावरण बनाएका कथित लोकतन्त्रवादीहरूले यहाँ भीषण संघर्षको थालनी गरेको छ।

देशमा संघीय प्रणाली आई सकेपछि स्थानिय स्तरको चुनावमा पनि शासकीय वर्चस्व कायम राख्ने शीर्ष दलहरूको निरंकूश मनोविज्ञान चुनावको हरेक प्रक्रियामा हावी रहेको देखन पाईयो। संघको संघीय अधिकारमाथि पनि आफ्नो एकाधिकार लाद्ने प्रयासलाई सघाउने वा सहयोगको संज्ञा दिने पाखण्डलाई के भन्ने ? निर्वाचन आयोगले बनाएको आचारसंहितालाई लत्याएर चुनावी दंगलमा पार्टीलाई पहिलो बनाउने होडवाजीमा खर्चिलो भोज भतेरबाट मतदातालाई आफूतिर आकर्षित गर्ने तीन दलीय अस्वस्थ प्रतिस्पर्धाले राजनीतिको नैतिक आधार नै भत्काएको छ। एकातिर हाम्रो होईन, राम्रो छान्ने मन्त्रोच्चारण गर्ने र अर्कोतिर मासूभातको खोलो बगाएर मतदातालाई आकर्षित गर्ने प्रपंचयुक्त चुनावी खेल देखेर शीर्ष तीन दलको नैतिकहीनता देखेर चुनावको परिणाम त्यसैपनि यिनीहरू कै पक्षमा जाने निश्चित देखिन्छ।

पहिलो र दोश्रो चरणको चुनावमा पहिलो, दोश्रो र तेश्रो हुने तीन दल प्रदेश नं. दुईमा नेपाली काँग्रेस र एमालेको जीवनमृत्युको प्रतिस्पर्धा भएको छ। देशको अन्य जिल्लामा पहिलो पार्टी बनेका एमाले प्रदेश नं. दुई काग्रेसको बोट बैंक भनिदै आएकोले एमालेलाई उछिन्न सक्ने शंकाले उसलाई बढि आक्रोशित बनाएको छ। नैतिकहीनताको धरातलमा देशका समस्याहरू झन् झन् जटिल मात्र बनेका छैनन् अझ समस्याहरू थपिंदै गई रहेको छ। देशको समस्यालाई शासकवर्गले आफ्नो अस्तित्वसंग जोडेर हेर्ने भएकोले यो जटिल बनेको हो। स्थानिय निकायलाई पनि आफ्नो कब्जामा लिने तीन दलीय शासकीय मनोवृतिले समस्याको जटिलतालाई आकलन गर्न सकिं रहेको छैन। निम्नस्तरको विचारमा रमाएका दलहरू परि आए शक्तिकेन्द्रलाई गुहार्ने र समस्याको हल गर्ने मनोविज्ञानलाई छोड्न सकेको छैन। आफ्नो पराक्रमबाट समस्याको समाधान गर्ने परिपार्टी नै बसेको छैन।

खर्चिलो चुनावी प्रदर्शनमा अन्ततः मधेशमा शीर्ष तीन दल कै वर्चस्व रह्ने कुरामा कुनै शंका छैन। मधेशका दलहरूलाई त्यसपछि नै राखिने प्रपंच रचिएको छ। मधेशका दलहरूलाई आफ्नै धरातलमा नेतृत्वविहीन बनाएर राख्ने तीन दलीय रणनीतिमा नै देशको राजनीति अल्झिई रहेको छ। यसले समस्यालाई झन् जटिल बनाउँदै लगेको छ। शासकीय मनोवृतिले चुनावले विस्तारै सबै समस्यालाई समाधान गर्दै जाने भन्ने बुझेको छ। अधिकार आन्दोलनको समष्टिगत सम्बोधन नभएसम्म यसले स्वरूप फेर्दै पुनश्च सतहमा आउने यथार्थलाई बुझेको छैन। शासकीय कट्टरपनाले मधेशको आन्दोलनलाई अझ परिमार्जित, सशक्त र निर्णायक बनाउँदै गएको छ। मधेशका दलहरू असोज ३ को कालो दिवसमा सामेल नरहेपनि मधेश लगायत राजधानीमा समेत भव्यताका साथ मनाईएको दृश्य सबैले हेरेकै छन्। यथास्थितिवादी चरित्रको कब्जामा एक दशकदेखि गुम्सिएर बसेको आन्दोलनले नयाँ दिशा पाएको छ। अधिकार आन्दोलन जहाँ छोडिएको थियो त्यहाँबाट पुनश्च गन्तव्यको दिशातिर उन्मुख भएको छ। असोज ३ को प्रदर्शन शासकवर्गको अहंकारमाथिको नयाँ प्रहार हो। यसले मधेशको मुक्ति आन्दोलनको पुनश्च नयाँ दिशा तय गरेको छ।

मधेशको समस्या समाधान नगरि राजनीतिक रूपले सिमित क्षेत्रभित्र कस्सिदै गएको कारण मधेशको राजनीति पुनश्च विस्फोटको स्थितिमा पुगेको छ। राजनीतिक विभेद अव रंगभेदमा रूपान्तरित भएकोले यसले मुक्ति संग्रामलाई अझ परिपक्व बनाई दिएको छ। मधेशलाई सिमान्तीकृत गरिने पुनः प्रयासले मधेशलाई थप आक्रोशित बनाएको छ। विगतमा मधेशप्रति एमालेको सौतेनी व्यवहारले जहाँ मधेश आक्रोशित बन्यो, मधेशको नेतृत्व पंक्तिलाई अपाङ्ग बनाई दियो। नेतृत्व पंक्ति आफ्नो सैद्धान्तिक अडानबाट स्खलित हुँदै गयो। फलतः अधिकार आन्दोलनको दिशाविहीनतामा आन्दोलनकारी मात्र होईन, सिङ्गो मधेश असन्तुष्टताको शिकार भयो। मधेशको राजनीतिलाई दिशाविहीनताको अवस्थामा राखेर समस्यालाई पन्छाउने प्रयासमा लागेको सत्ता राजनीति केही हदसम्म सफल पनि भएको छ। अधिकार आन्दोलन अन्योलग्रस्त अवस्थामा बस्नै सक्दैन। आन्दोलनका नयाँ स्वरूपहरू धारण गरि पुनः गतिशील हुने नैसर्गिक नियमलाई सत्तापक्षले बुझेकै हुनु पर्दछ।

मधेशले १० वर्षसम्म गरेको लगातार संघर्षलाई राज्यले नजर अन्दाज मात्र गरेनन् अपमानजनक व्यवहार गर्दै पुनश्च सीमान्तीकृत बनाई राख्यो। संघर्ष गरि रहेका मधेशका दलहरूलाई चुनावको नाममा संघर्ष छोडेर चुनावमा जान बाध्य पारियो। संघर्ष छोडेर चुनावलाई उपयोग गर्ने पहिले संसफोले अपेक्षित सफलता पाउन सकेन। नेपाली काँग्रेस एमाले र माओवादी केन्द्र नै हावी रहेको देखियो। तत्पश्चात् राजपाले चुनावमा जाने निर्णय लिएपछि मधेशको चुनावमा यिनै शीर्ष दलहरूको अगुवाई देखियो। मधेशका दलहरू त्यसपछिका पंक्तिमा देखिन्छ।

नैतिक आधार भत्काएपछि शीर्ष दलहरूले मासूभात र पैसाको खोलो बगाएर स्थानिय चुनावको माहौल बनाएको छ। बृद्धा भत्ता हामीले दिएको, अझ बढाएर दिने निर्ल्लजतापूर्वक आश्वासन दिएर मतदातालाई जसरी पनि आफ्नोतिर आकर्षित गर्ने एमालेको नैतिकहीनता सवभन्दा बढि देखियो। चुनावको दृश्यावली अध्ययन गर्न यो पंक्तिकार पनि मधेशका गाउँमा उपस्थित रहेकोले शीर्ष तीन दलको आचारसंहिता उल्लंघन गर्नेको प्रतिस्पर्धा देखदा ***"सामर्थ्यको दुःख नाही गोसाईं"*** तुलसीदासको पंक्ति स्मरण भयो। शीर्ष तीन दलको सामर्थ्यलाई हेर्दा विगतका निरंकूश शासक पनि यिनीहरूको सामुन्ने तृणवत् रहेको स्पष्ट देखियो। मधेशमा आफ्नो वर्चस्व लाद्न शीर्ष तीन दलद्वारा गरिएको नैतिकहीन प्रदर्शन यिनीहरूको बाध्यता थियो। रूष्ट बनेका मधेशी जनता पैसाको भाषा मात्र बुझ्ने भएकोले यिनले चुनावमा डनको भूमिका अख्तियार गरे। मधेशी उम्मेदवार पनि जित्नका लागि यिनीहरू कै सूत्र लागू गरे।

चुनावको मिश्रित रूप छ। कहीं नेपाली काँग्रेस, कहीं राजपा, कहीं संसफोरम, कहीं एमाले, कहीं माओवादी केन्द्रको अग्रताको अग्रता देखिएपनि समग्रमा शीर्ष तीन दल नै मधेशलाई नेतृत्व गर्ने दृश्य देखिन्छ। मधेशका दलहरू आफ्नो पाकेट एरियामा ध्यान केन्द्रित गरेको छ भने शीर्ष तीन दल मधेशको हरेक जिल्लाको हरेक गाउँपालिका/नगरपालिकामा समान रूपले हेरि रहेको छ। जहाँ जित्ने सम्भावना छ त्यहाँ पैसाको प्रलोभन दिएको छ भने न जित्ने ठाउँमा माहौल बनाउन खर्च गरेको छ। नैतिकहीनताको प्रदर्शन गरेर जसो तसो विजयश्री हात पार्ने शीर्ष तीन मधेशमा वर्चस्व देखाउन सफल भएको छ भने यिनको नाङ्गो राजनीति छर्लङ्ग देखियो। हुनत निर्ल्लजताको चरम सीमाबाट राजनीतिको शुरूवात हुन्छ भनेको यही हो। विजयश्री लिएर गएपनि यिनले थप घृणा मधेशलाई कोसेली दिएको छ।

चुनाव सकेको भोलीपल्ट मधेशले भव्यताका साथ ***कालो दिवस*** मनाएर राज्यलाई अर्को नयाँ संघर्षको चुनौती दिएको छ। हुनत विजयश्रीको अगाडी यसको कुनै महत्व नरहेको उनी ठान्दछन्। तर अन्योलग्रस्त अवस्थामा रहेको अधिकार आन्दोलनलाई बाहिर ल्याई देखाएको युवाशक्तिको साहसलाई प्रशंसा गर्नै पर्दछ। कालो दिवसको थालनी गर्ने मधेशका दलहरू अहिले विजय पराजयको अवस्था भोगि रहेको अवस्थामा कालो दिवस मनाउन नआए पनि मधेशको मुक्ति चाह्ने युवाशक्तिले विरोधको थालनी गरे। नयाँ नेतृत्वलाई अभ्यासमा ल्याए।

संघीयता विरोधी शक्तिहरू, राजाका पक्षधरहरू, हिन्दूवादीहरू, पार्टीभित्र अल्पमतमा परेका अवसरवादीहरू, यथास्थितिवादीहरू, जुन स्वरूपको भएपनि संघीयता दिएर असन्तुष्ट बनेका एमाले, एमाले कै मानसिकतामा द्वैध भूमिका निर्वाह गर्ने नेपाली काँग्रेस, माओवादी केन्द्र तथा अपेक्षित स्वरूपको संघीयता नपाएको मधेश सबैले आन्दोलन चाहेको अवस्थामा सतहमा आन्दोलन किन न आउने ? चित्र बहादुर केसीले त ***"संघीयता छिट्टै खारेज हुने"*** आशयको अभिव्यक्ति दिई सकेका छन्।

आगामी दिनको यो दृश्यलाई नजरअन्दाज गर्न मिल्दैन। असन्तुष्टताको जगमा जतिसुकै खुशियाली मनाएपनि त्यो क्षणिक हुने कुरा बुझ्नै पर्दछ। राज्यसत्तामा प्रभूत्व लिएर उदाएका त्रिदेवको निरंकूशताले नेपाली समाज पूर्ण असन्तुष्ट बनेका छन्। यिनको स्वेच्छारिताका कारण ५० लाख युवा विदेशिन बाध्य भएका छन्। राजनीतिको मौलिकता हराएको छ। शक्तिकेन्द्रको ईशारामा चल्ने, अपार धनराशि पचाउने, नेपाली जनतामा लोकतन्त्रको विकृत छवि पेश गर्ने, प्रभूको रूपमा उदाएका स्वेच्छाचारीको विरूद्ध समाजका हरेक समुदाय एकत्रित भई उत्रने समयको प्रतीक्षा यिनले गर्नै पर्दछ। शेष समयमा ठूल्ठूला शक्ति निर्वल भएको उदाहरण यहीं छ।

सुकर्म र कुकर्म, नाम दुबैमा हुन्छ। लोकतन्त्रवादीहरू सुमार्गी बन्न सकेन। शीर्ष तीनै दलहरू अलोकप्रिय भए। नकसैले सुशासन ल्याउन सके, न न्याय नै। चारैतिर अराजकको अवस्था व्याप्त छ। आफ्नो अलोकप्रियतालाई जनतामाथि लाद्ने मूर्ख शासकहरू अहिलेको अवस्थामा पनि जंगबहादुर कै शैलीमा शासन गर्न खोज्छन्। मधेशसंग सीधा टक्करका वातावरण बनाएका कथित लोकतन्त्रवादीहरूले यहाँ भीषण संघर्षको थालनी गरेको छ। मधेश आन्दोलनको अपेक्षा पूरा गर्न नसकेका देवत्व प्राप्त गरेका दलहरूले आफ्नो कुकृत्यका कारण नेपाली समाजका हरेक तप्कालाई असन्तुष्ट पारेका छन्। यो असन्तुष्टता कुन बेला संघर्षको रूप लिने र सद्दाम हुसैनको शैलीमा चलाएको शासनको अन्त गर्ने थाहा छैन। असन्तुष्टताले गन्तव्यको यात्रा गर्छ नै।

*क्रमशः*

janukjha24@gmail.com

## प्रधानसेनापति र भारतीय सेनाका लेफ्टिनेन्ट जनरलबीच शिष्टाचार भेटवार्ता



प्रधानसेनापति महारथी श्री राजेन्द्र क्षत्रीसँग भारतीय सेनाका Lieutenant General Jagdeep Kumar Sharma ले जङ्गी अड्डामा शिष्टाचार भेटवार्ता गर्नुहुँदै।

काठमाडौं। रूपन्देही जिल्लाको सालझण्डीस्थित नेपाली सैनिक व्याटल स्कूलमा भाद्र १८ गतेदेखि सञ्चालन भएको नेपाली सेना र भारतीय सेनाको संयुक्त अभ्यास Indo-Nepal Battalion Level Combined Training 'EX-SURYA KIRAN-XII' को अवलोकन तथा समापन समारोहमा सहभागि हुन नेपाल आउनु भएका भारतीय सेनाका Lieutenant General Jagdeep Kumar Sharma ले आइतबार प्रधानसेनापति राजेन्द्र क्षत्रीसँग जङ्गी अड्डामा शिष्टाचार भेटवार्ता गरेका छन्। उक्त भेटवार्ताको क्रममा प्रधानसेनापति क्षत्री र Lieutenant General Jagdeep Kumar Sharma बीच द्विपक्षीय हित र पारस्परिक सम्बन्धका विषयमा छलफल भएको थियो।

## सांसद शाहद्वारा उत्तरप्रदेशका मुख्यमन्त्री योगीसँग भेटघाट



**फोरमका सांसद अभिषेक प्रताप शाह उत्तरप्रदेशका मुख्यमन्त्री योगीस□ग**

इमरान खान, कपिलवस्तु। सांसद अभिषेक प्रताप शाहले उत्तरप्रदेशका मुख्यमन्त्रीसँग भेटघाट गरेका छन्। सिमावर्ति क्षेत्र बढनीमा उत्तर प्रदेश परिवहननिगमकाडिपो बस तथा अन्तरराष्ट्रिय बस स्टाप को स्थापनाका लागि उत्तर प्रदेशका मुख्य मन्त्रिलाई पत्राचार तथा हालै भारतको उत्तर प्रदेशका मुख्य मन्त्रि संगको भेटमा सांसद शाहले लाखौ नेपालीलाई राहत दिने योजनालाई प्राथमितामा राखेका छन ।पश्चिम नेपालबाट रोजगारी तथा उपचारहरूका लागी भारत प्रस्थान गर्ने तथा भारतबाट नेपाल आउने तमाम नेपाली तथा भारतीय हरूलाई सांसद शाहको पछिल्लो कदमले केहि राहत दिने देखिएको छ ।यस्ता नेपालबासिका लागि गरेका राम्रा कामप्रति सांसद अभिषेक प्रताप शाहलेसमय समयमा सिमावर्ती क्षेत्रमा चर्चा बटुल्दै अएका छन । यसपालि शाहलेसिमावर्ति क्षेत्र बढनीमा उत्तर प्रदेश परिवहन निगमकाडिपो बस तथा अन्तरराष्ट्रिय बस स्टाप स्थापना गर्ने दौडधुपमा हुनुहुन्छ ।सिमावर्ति क्षेत्रबढनीमा उत्तर प्रदेश परिवहन निगमकाडिपो बस तथा अन्तरराष्ट्रिय बस स्टाप स्थापना योजनालाई प्राथमिकता मात्र होईनजोडदार रूपमा उठान पनि गरेका छन ।उनले भारतीयहरू नेपाल आउने तथा भारत जाने लाखौ नेपालीहरूले सिमावर्ति क्षेत्रबाट यातायाका रूपमा बसलाई भरपर्दो र सुविधायुक्त मानेकाले कृष्णनगरमा उत्तर प्रदेश पहिवहन डिपोबस तथा अन्तरराष्ट्रिय बस स्टाप स्थापना गर्न माग गरेका छन ।उत्तर प्रदेश मुख्य मन्त्रि आदित्यनाथ योगी संगको भेटमा सासद अभिषेक प्रताप शाहले उत्तर प्रदेश परिवहन बस डिपो तथा तथा अन्तरराष्ट्रिय बस स्टाप स्थापनाका लागी पत्र मार्फत लिखित रूपमै माग गरेका हुन ।शाहले पत्रमा सिमावर्ति क्षेत्रबढनीमा एक सुविधा सम्पन्न अर्न्तराष्टिय स्तरको डिपोबस तथाअन्तरराष्ट्रिय बस स्टाप हुनु पर्नेआवश्यकतालाई औंलाएका छन । दिन प्रतिदिन बसको सवारी गरी आवत जावत गर्ने सर्वसाधरणको चाप बढदै गएकाले समस्या प्रति आफु गंभीर भएको उनले बताएका छन ।भारत भ्रमणमा रहेका शाहले सिमावर्ति क्षेत्रमा सर्वसधारणले दैनिक भोग्नु परेका समस्यालाई उठान गरी निराकरणका लागी प्रयास गरीरहेको बताए।

आफ्नो क्षमताको पहिचान गरौं र देश निर्माणको लागि यसको उपयोग गरौं।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

बडादशैं २०७४ को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

सूर्य नेपाल परिवार
कान्तिपथ, काठमाडौं

२०७४ सालको वडादशैं, शुभ दिपावली, छठ पर्व तथा नेपाल संवतको उपलक्ष्यमा सम्पूर्ण ग्राहकवर्गमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

नेपाल टेलिकम
परिवार

# एमाले र माओवादीका नेताहरूको बोलीको ठेगान छैन : पौडेल

**मणि प्रसाद गैह्रे, कपिलवस्तु ।**

विभिन्न पार्टी परित्याग गरि कपिलवस्तुमा ३ हजार बढी नेता तथा कार्यकर्ता नेपाली कांग्रेसमा प्रवेश गरेका छन् । काग्रेस कपिलवस्तुले चन्दौटामा राखेको विशाल आम सभा कार्यक्रममा राप्रपा पार्टीका शिवराज नगरपालिकामा मेयरका उमेद्धार अजय थापा सहित काग्रेसमा प्रवेश गरेका हुन । थापा लगायत थापाका सर्मथक प्रस्तावक तथा उनका कार्यकर्ताहरू प्रवेश गर्का हुन । प्रवेश गरेकाहरूलाई टिका लगाई काग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले स्वागत गरेका हुन् । त्यस्तै नेपाल प्रहरीका पुर्व एस एस पी विकम सिंह थापा समेत रामचन्द्र पौडेलको हात वाट टिका लगाई काग्रेसमा प्रवेश गरेका छन् । स्थानीय तह निर्वाचनमा शिवराज नगरपालिकामा अजय थापाल २ हजार ८ सय ९० मत प्राप्त गरेका थिए । उनी चन्दौटा क्षेत्रका लोकप्रिय र विकास प्रेमी युवा नेता हुन । पार्टी प्रवेश संगै उनले नेपाली काग्रेसमा रही राजनीति गर्ने बताए । लोकतान्त्रिक पार्टी नै देशको मुलआधार रहेको हुंदा आफु काग्रेसमा प्रव्शे गरेको उनले बताए ।



कांग्रेस कपिलवस्तुले आयोजना गरेको विशाल आमसभामा वरिष्ठ नेता रामचन्द्र पौडेलसहितका नेताहरू ।

कार्यकममा वोल्दै काग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले अवको विकासको राजनिति नेपाली काग्रेसले गर्ने बताए । एमाले र माओवादीको वोलिको ठेगान नभएको हुंदा निष्टा र सिदान्तको राजनिति गर्ने पार्टी नेपाली काग्रेस मात्र भएको उनले बताए । साथै अव नेपालको विकास भनेको आर्थि विकास भएको हुंदा कृषि,पर्यटन र रोजगारको क्षेत्रमा लगानी गर्नेमा आफुहरूले योजना बनाएको समेत पौडेलले बताए । नदि नियन्त्रण वस्ती विकास जस्ता योजना तत्ताक काग्रेंकै नेतृत्वमा हुने समेत उनले बताए ।

पार्टी सभापति एवं पुर्व सिचांइ राज्य मन्त्री सुरेन्द्रराज आर्चायको अध्यक्षता र प्रकाश घिमिरेको संचालनमा सम्पन्न कार्यकममा सांसद अतहर कमल , पुर्व सांसद विष्णुराज आर्चाय, अर्घाखाची सभापति विष्णु मुस्कान , पुर्व पार्टी सभापति राजेश आर्चाय, सुधाकर पाण्डेय, काग्रेस नेता डां रूद्रप्रताप शाह ,क्षेत्रिय सभपति केशव कुमार श्रेष्ठ, गिरिजेश पाण्डेय, अकेल मिया ,महिला संघ केन्द्रिय सदस्य सुमित्रा शर्मा लगायतले वोलेका थिए । सो अवसरमा विभिन्न सास्कृतिक कार्यकम तथा वडा दशैंके शुभकामना आदान प्रदान समेत गरिएको थियो ।

# सुध्रिएला धनुषाको शैक्षिक अवस्था ?

जनकपुर । 'पहिला पहिला शिक्षक सरूवा कार्यालय बाहिरबाटै हुन्थ्यो । पछि कार्यालयमा बोधार्थका पत्र आउँदा हामी छक्क पर्थ्यौं ।' जिल्ला शिक्षा कार्यालय, धनुषाका सहायक जिल्ला शिक्षा अधिकारी मेहीलाल यादव भन्नुहुन्छ, 'यसमा तपाईंहरू अचम्म नमान्नुहोला कि पछिल्लो समयमा शिक्षा अधिकारी कार्यालयमै भेटिन थाल्नुभएको छ ।'
केही महिना पहिला प्रावि बोरेश्वरबाट राजर्षी जनक प्राविमा सरूवा गरिएका ब्रम्ह्देव राउतलाई राजर्षीका प्रधानध्यापक पवनकुमारी सिंहले हाजिर नगराएपछि राउत हाजिर गराइ पाउँ भन्दै शिक्षा कार्यालय धाउन थालेका छन् तर कार्यालयमा राउतलाई सरूवा गरेको भन्ने अभिलेख भेटिएन । जिल्लामा यस्ता उदाहरण धेरै भेटिन्छन् । शैक्षिक सुशासनका दृष्टिमा कमजोर मानिने तराईका आठ जिल्लामध्येको एक धनुषामा शैक्षिक गुणस्तर पनि माथि उठ्नसकेको छैन भने शिक्षा कार्यालयभित्रकै अनियमितता र आन्तरिम विवाद पटक/पटक सार्वजनिक हुँदै आएको छ ।
कतिपय समयमा सुरक्षाका कारणले पनि अधिकारीहरू कार्यालय भन्दा बाहिरबाट काम गर्न बाध्य भएका पाइएका थिए । विद्यालय नै नभएको ठाउँमा बजेट दिने, नियुक्ति नै नभएका शिक्षकका नाममा तलब निकासा गर्ने जस्ता भ्रष्टाचारका मुद्दा पनि यही जिल्लामा भेटिएका थिए भने कतिपय शिक्षा अधिकारीले काटेका पत्रका आधारमा नियुक्तिवाला शिक्षकको विद्यालय र परिचय भेटाउनै मुस्किल पर्दथ्यो । विद्यालय व्यवस्थापन समितिमा वर्षौंसम्म निर्वाचन नहुने र निर्वाचन हुँदा पनि संसद्को निर्वाचन झैं दलीय प्रतिस्पर्धा र व्यापक आर्थिक चलखेल पनि यहाँ हुने गुनासो सुनिन्छ ।
जिल्लामा अहिले यामबहादुर खड्का नयाँ जिल्ला शिक्षा अधिकारीका रूपमा आएपछि उहाँ कार्यालयमा नियमित देखिन थाल्नुभएको छ । खड्का भन्नुहुन्छ 'पहिला के के भए सबै मलाई थाहा छैन, म अध्ययन गर्दैछु तर मैले कानून र नियम मिचेर कुनै काम गर्दिनँ, शैक्षिक गुणस्तर र सुशासन कायम गराउनु मेरो पहिलो प्राथमिकता हो ।'
उहाँले स्थानीय तहबाट सामुदायिक विद्यालयका शिक्षकको तलब निकासाका लागि तत्काल प्रक्रिया अघि बढाइएको र शैक्षिक निरन्तरता र सुशासनका लागि जनप्रतिनिधि, शिक्षक र समुदायसँग छलफल गरेर कार्ययोजना बनाउने पनि जानकारी दिनुभयो ।

सहायक अधिकारी यादव निवर्तमान शिक्षा अधिकारी महेन्द्र महतोका पालामा माध्यमिक तहको शिक्षक दरबन्दी मिलानलगायतका केही सकारात्मक सुरूवात भए पनि उहाँले पनि केही शिक्षकलाई होटलमा बसेर सरूवा गरेको आरोप लगाउनुहुन्छ । संस्थागत विद्यालयको अनुगमन र अध्ययन गरेको विषयमा कार्यालयका कर्मचारी अनिल यादवले आफूलाई दुर्व्यवहार गर्दा पनि कारवाही नगरेको यादवको गुनासो छ ।
महतो हाल सिरहामा शिक्षा अधिकारी हुनुहुन्छ । तर महतोले आफूले त्यस्तो काम नगरेको र फाँटवालाबाट आएको टिप्पणी बमोजिम आवश्यकता र कानून हेरेर मात्र सरूवा गर्ने गरेको दाबी गर्नुभयो । दुर्व्यवहार गर्ने कर्मचारीलाई जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक मुद्दा चलिसकेकाले आफूले थप कारबाही नगरेको महतोको भनाइ छ । *राससबाट*



## जिल्ला समाचार

### गुरूद्वारामा भारतीय राजदूत



दिनेश ठाकुर, नेपालगन्ज । बाँकेमा बसोबास गर्दै आएका शिख समुदायले विभिन्न मागसहित नेपालका लागि भारतीय राजदूत मञ्जिवसिंह पुरीसमक्ष ज्ञापनपत्र बुझाएका छन् । गुरूद्वारा श्री गुरूनानक सत्संग विपी चौक नेपागन्जमा पुगेका भारतीय राजदूत पुरीसमक्ष गुरूद्वाराका प्रधान राजेन्द्रसिंह सरदारले विभिन्न मागसहितको ज्ञापनपत्र बुझाएका हुन् । ज्ञापनपत्रमा धर्मशाला निर्माण, गुरूद्वारा प्रवचन भवन विस्तार, भण्डारा स्थल निर्माण, सुखासन हल निर्माण, आधुनिक शौचालय तथा स्नानगृह निर्माण, एम्बुलेन्स सहयोग, गुरूमुखी भाषा शिक्षाको भवन निर्माण लगायतको माग गरिएको शिख समुदायका अगुवा उत्तमसिंह सोडीले बताए । राजदूत सिंहले शिख समुदायको नेपालगन्जसँग ऐतिहासिक सम्बन्ध रहेको बताए । गुरूद्वारा श्री गुरूनानक ससंगका कोषाध्यक्ष जोगेन्दर सिंहले बताए ।

### सिरहाबाट माओवादीको खाता खुल्यो

सिरहा । नेकपा माओवादी केन्द्रले सिरहाको कर्जन्हा नगरपालिकाबाट खाता खोलेको छ । कर्जन्हा नगरपालिकाको मेयर र उपमेयर दुवैमा माओवादी केन्द्रले विजयी भएको छ । माओवादी केन्द्रका मेयर पदका उम्मेदवार गंगा पासवानले ४ हजार ३ सय ९ मत प्राप्त गरी विजयी भएका हुन् । उनका निकटतम प्रतिद्वन्द्वी एमालेका रामदयाल महतोले ३ हजार एक सय ९० मत प्राप्त गरेको कर्जन्हाका निर्वाचन अधिकृत सुबर्णमान बनेपालीले बताए । उपमेयरमा पनि माओवादी केन्द्रकै ज्ञान कुमारी श्रेष्ठ निर्वाचित भएकी छिन् । श्रेष्ठ ४ हजार ३ सय १६ मत प्राप्त गरी निर्वाचित भएकी हुन् । श्रेष्ठकी निकटमत प्रतिद्वन्द्वी एमालेकी उम्मेदवार अन्जुकुमारी राईले २ हजार ९ सय ४५ मत प्राप्त गरेकी छिन् ।

### बाल मैत्री संरक्षण कक्षा संचालन

रबिन्द्र यादव, नवलपरासी । नवलपरासीको प्रतापपुर(६ कठहवा मुसहर बस्तीमा बाढीबाट विपदमा परेका बालबालिकाहरूका लागि बालमैत्री बाल संरक्षण कक्षा शुक्रबार देखि सुरू भएको छ । विपदको बेला बालबालिका माथि हिंसा र दुर्वबहार, शोषण, बेवास्ता, दुर्ववहारका शिकार, जीवन गुमाउने, राहत आपुर्तिमा अवरोध, सम्बन्ध विच्छेद, मनोविज्ञान, बाल श्रम, बालविवाह, बेच बिखन, कुपोषणको सिकार, कानुनी कागजात गुम्न सक्ने लगायतमा असर पुर्याउने भएकोले उक्त कक्षा संचालन गरिएको महिला तथा बालबालिका कार्यालय नवलपरासी कि प्रमुख उर्वरा लुइँटेलले बताइन् । यसैगरी लुइँटेलले विपदको बेला बालबालिका लाई मनोसमाजिक सेवा प्रवाह, न्याय प्रदान, बाल मैत्री स्थानहरूको व्यवस्थापन, सुचना व्यवस्थापन कार्यमा जोड दिइन् । उक्त मुसहर बस्तीमा यस बर्ष आएको बाढिले ४५ घरधुरीका बासिन्दाले बाढीबाट प्रभावित भएका थिए । उक्त गाउँका ३ देखि १८ बर्षका ६५ बालबालिका लाई तीन महिना सम्म बाल मैत्री मनोसमाजिक सेवा प्रवाह गरिने छ । ती बालबालिकाहरूको लागि टेन्ट (कैम्प) गाडेर कक्षा संचालन भएको छ ।

### यशोधराको बजेट ३३ करोड ६७ लाख

मणि प्रसाद गैह्रे, कपिलवस्तु । यशोधरा गाउंपालिकाको प्रथम गाउँ सभा तथा अधिवेशन बैठक सम्पन्न सम्पन्न भएको छ । सभाले आर्थिक वर्ष २०७४।७५ का लागि ३३ करोड ६७ लाख ९४ हजार रूपैयाँ बराबरको अनुमानित आय पारित गरेको छ । सो मध्ये पुजिगत तर्फ ३८ करोड ९० लाख ६६रूपैया विनियोजन गरेको छ भने चालु तर्फ ४ करोड ७७ लाख वरावरको रकम विनियोजन गरेको छ । गाउं पालिकाका अध्यक्ष गिरिजेश कुमार पाण्डेले उक्त बजेट नगर सभामा प्रस्तुत तथा पारित गरेका हुन् । साथै गाउंपालिकाको , पारदर्शि एवं सेवाग्राही मैत्री तुल्याउने ब्यवस्थापकिय क्षमता अभिबृद्धिमा जोड दिने , संस्थागत क्षमता विकास जस्ता निती तथा कार्यक्रम समेत गाउं सभाले पारित गरेको पाण्डेले बताए । लक्षित वर्ग , महिला तथा पछाडी परेकालाई समाहितमा ल्याउने तथा शिक्षा, स्वास्थ्य , कृषि ,सडक वन वातावरण गाउं लागी अन्य गैरसरकारी तथा निजि क्षेत्र संग सहकार्य गर्ने र आम जनताको विकास तथा आय स्तरमा सुधार ल्याउने कार्यक्रमलाई निरन्तरता दिने जस्ता निति तथा कार्यक्रम बनाइएको सभामा जानकारी गराए ।


# सम्पति शुद्धीकरण अनुसन्धान विभागको सूचना

**कोही कसैले राजस्व छली, भ्रष्टाचार, लागू औषध कारोबार, बैंकिङ्ग ठगी, सहकारी ठगी, कालोबजारी, हुण्डी, विदेशी मुद्रा अपचलन, आतंकवादी क्रियाकलापमा वित्तीय लगानी, जुवा, चिट्ठा, जबरजस्ती चन्दा असुली, हातहतियार, गोली गठ्ठाको बेचबिखन, डकैती, चोरी, किर्ते जालसाजी, वनविनाश, वन्यजन्तु चोरी निकासी, यौत व्यवसाय तथा मानव बेचबिखन, सीमा तस्करी जस्ता गैरकानूनी एवं आपराधिक क्रियाकलापबाट सम्पत्ति आर्जन गरी सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी भए गरेको पाइएमा सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ र नियमावली, २०६६ बमोजिम कडा कारबाही भैजाने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।**

**यस सम्बन्धमा सूचना, जानकारी एवं उजुरी भएमा देहायको ठेगानामा उपलब्ध गराइदिन हुन अनुरोध छ । सूचनाकर्ताको इच्छा अनुसार परिचय गोप्य राखिनुको साथै अभियोग प्रमाणित भएमा उचित पुरस्कारसमेत उपलब्ध गराइनेछ ।**

सम्पर्क ठेगाना :

## सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग

पुल्चोक, ललितपुर, फोन नं. ०१-५०१०२७७, फ्याक्स नं. ०१-५०१०२८२
इमेल : dmli@dmli.gov.np, ujuri@dmli.gov.np, वेबसाइट : www.dmli.gov.np





संविधान जारी भएको २ वर्षमै संविधानको पूर्ण कार्यान्वयन हुनु ठुलो उपलब्धि हो । भारतमा संविधान पूर्ण रूपमा कार्यान्वयन हुन १० वर्ष लागेको थियो । **शंकर पोखरेल**


माकुने पीकेलाई प्रम बना भए एमाले २ नं.मा १नं.हुन्थ्यो । होइन ब्रो । एमाले २ नं.मा खिइनुमा ओली, रावल, गौतमका मधेशीप्रतिका अमृतवाणीको योगदान छ । खगेन्द्र संग्रौला


दुई नम्बर प्रदेशमा चुनाव । कटघरामा कांग्रेस र राजपा । बीरगन्जमा फोरम आक्रामक । सिराहामा एमालेको आशा । सप्तरी मधेश विद्रोहको प्रतीक । **किशोर नेपाल**


निर्वाचनलाई तीन ठूला दल र राज्यपक्षले नयाँ संविधानको कार्यान्वयनको रुपमा लिएको थियो भने आन्दोलनकारी मधेशी दलहरुले संविधान संशोधनको बाटो बन्द हुने रुपमा । तीन ठूला दल र राज्यपक्ष सफल भएको छ । संविधान संशोधनकालागी आन्दोलन गर्नेहरुको पराजय भएको छ । निर्वाचनलाई उपयोग गर्नु वा त्यसमा मतदान गर्नु नै नयाँ संविधानलाई स्वीकार गर्नु हो । **तुलानारायण साह**


२ नं प्रदेशको प्रारम्भीक नतिजाले (राजपा र ससफो जोड्दा सवै भन्दा अगाडी) संविधान संसोधनको पक्षमा जनताले दिएको मतले यसको अपरिहार्यता पुष्टि हुन्छ । ब्यालेटवाट जनताले दिएको सन्देश तीन ठुला दलले बेलैमा बुझेको राम्रो अन्यथा प्रदेश र संघीय निर्वाचनमा संविधान संशोधन नै निर्वाचनको मुल एजेण्डा हुन्छ । **दीपेन्द्र झा**


हिजोसम्म अधिकारका लागि आन्दोलन गरिरहँदा मधेशका जनतालाई इण्डियन, बिहारी, धोती भनिन्थ्यो तर अहिले मतदानका लागि लाइनमा बसिरहँदा ती सबै नेपाली जनता पो त रहेछन् । मधेशीहरुमाथि समयअनुसारको बनावटी उपनाम । **वीरेन्द्र के.एम**


बरिष्ठ खुंखार मधेशीहरू राजनीतिक हावा हेरेर आफुलाई सोही राजनीतिक दल अनुसार ढाल्छन् । अनी एक हन्डी खिर मा एक कचौरा पाउँदा आफैमा तछाडमछाड गर्छन् । हन्डी नै कब्जा गर्न कहिले सोच्ने मान्यबर ? **बीपी साह**


ला... चुनावपनि शान्तिपूर्वक भयो अब संविधानपनि संशोधन होला अब के गर्ने ? मधेशका मुद्धा सधैं भजाएर खाने बुद्धिजिविहरुको पीडा बुझ्छौ हामी । **समा थापा**


मधेशी जनताले अब कुनै आन्दोलन नगरे हुन्छ , केही हुनेवाला छैन । बरू गाउँ-गाउँमा पार्टीहरुको संगठन बनाउनुस् मधेशी जनतालाई सिकाउनुस्, राजनीति के हो भनेर । मधेशी जनतालाई शिक्षित र सभ्य बनाउनुस्, मधेशी जनताले आन्दोलनको माध्यमबाट होइन मतदानको माध्यमबाट अधिकार पाउँछन् अनि मधेश आफै समृद्ध हुनेछ । त्यत्रो ठूलो आन्दोलन गरेर के फाइदा भयो । २ नं. को प्रदेशमा पनि भोट त काँग्रेस, एमाले, माओवादीले नै बढी पाइरहेका छन् । **सन्तोषी साह**


जनताको हक र अधिकारको लागि "लडेका" नेताहरू स्थानीय तहको टिकट नपाउँदा हिजो सम्म गाली गर्ने दलको टीका थापेर टिकट लिइरहे र निर्वाचनमा गए अहिले लगभग सबैले हार्दै छन्, जय मधेस । **भुषण यादव**

# तीर्थयात्रीको सुविस्ताबारे बुझ्न भारतीय राजदूत हिल्सामा



काठमाडौं, २ असोज । नेपालका लागि भारतीय राजदूत मञ्जीवसिंह पूरी चीनसँगको नाका हिल्सा पुगेर फर्केका छन् । कैलाश मानसरोवरका लागि तीर्थयात्री जाने मार्गबारे बुझ्न भन्दै उनी त्यहाँ पुगेका हुन् ।
नेपालगञ्जबाट हुम्लाको सिमीकोट र त्यहाँबाट सिम्रिक एयरको हेलिकप्टरमा उनी हिल्सासम्म पुगेका थिए ।
राजदूत पूरीले सिमीकोटमा तीर्थयात्रीहरूको सुविस्ता सुधारबारे स्थानीय अधिकारी तथा समुदायसँग छलफल पनि गरेको काठमाडौंस्थित भारतीय दूतावासले जनाएको छ ।
यसअघि राजदूत पूरीले नेपालगञ्जमा उद्योग वाणिज्य संघको कार्यक्रममा सहभागिता जनाउनुका साथै नेपालगञ्जका सिख समुदायसँग भेटघाट पनि गरेका थिए ।

# विशाल कलश यात्रा



महोत्तरी । महोत्तरी जिल्लाको बर्दिबास नगरपालिका-९ मा बिहीबार घटस्थापनाको अवसरमा बिशाल कलश यात्रा निकालिएको छ । तराई-मधेशका महोत्तरी लगयात धनुषाको विभिन्न ठाँउहरूमा कलश यात्रा निकालिएको छ । बर्दिबास नगरपालिका( ९ साबिक ( पशुपतिनगर (२)मा रहेको दुर्गा मन्दिरको प्रांगणबाट करिब २०० संख्यामा बाजागाजा सहित कलश यात्रा नगरको बिभिन्न भागको परिक्रमा गर्दै रातू खोलामा कलशमा जलभरेर मन्दिरमा स्थापित गरिने कार्यक्रम रहेको स्थानीय समाजसेवी रामकेवल महतोले बताए । हिन्दु धर्मावलम्बीहरूको महान चाड दशैंको उप्लक्षयमा तराइका बिभिन्न ठाँउहरूमा बनाइएका दुर्गा भवानीको प्रतिमालाई नेत्र प्रदान गर्न कलश यात्रा निकालिएको हो । पौराणिक कालदेखि चल्दै आएका यो परम्परालाई कायम राख्दै हिन्दु मुल्य मान्यता अनुसार आज आश्विन शुक्लपक्षका दिन बिधिवत रूपमा घटस्थापना गरिएको हो । दस दिन सम्म निरन्तर पुजाआजा गरि सम्पन्न गरिने यो पर्वमा ठाउँ अनुसार विभिन्न किसिमले मनाउने चलन रहेको छ । यो पर्व मा प्रतिमाको रूपमा काली,दुर्गा लगायत सात सहेली र एक भाइ गणेश मानेर पुजाआजा गर्ने परम्परा रहेको छ । पुजाको छैटौं दिन अर्थात षष्टिको दिन बेलनौती हुन जाने र सप्तमिको दिन बेलटुट्टी भएर आउने तथा अष्टमी देखि दशमी सम्म खसी बोकाको बलि एवं नाचगान तथा मेला लाग्ने गरेको छातत्पश्चात अन्तिम दिन अर्थात एकार्षिको दिन मेला बिषर्जन तथा दहन कार्यक्रम रहेको हुन्छ।

# आर्थिक समाचार

## कोकाकोला र आईसेकद्वारा सहकार्यको घोषणा

काठमाडौं । कोकाकोला नेपालले आइसेकसँगको सहकार्यलाई सेप्टेम्बर ११ तारिखमा औपचारिक रुपमा घोषणा गरेको छ । यो सहकार्यले कम्पनी तथा युवालाई दिगो विकासका लागि स्पष्ट मार्गचित्र बनाउन एकआपसमा जोड्ने जनाइएको छ । कोकाकोलाले आइसेकलाई विभिन्न क्षेत्रिय, राष्ट्रिय र अन्तराष्ट्रिय समिटहरु निरन्तर आयोजना गर्न उत्साह गर्नेछ । यसबाट यूएनको दिगो विकासका लक्ष्यको बारेमा छलफल गर्ने र भविश्यका नेतृत्वको रुपमा युवालाई त्यस्ता कार्यमा संलग्न हुने माध्यम प्रदान गर्ने जनाइएको छ ।

## माछापुच्छ्रेको बाढीपीडितलाई सहयोग

काठमाडौं । माछापुच्छ्रे बैंकले तराईका विभिन्न जिल्लामा आएको बाढीबाट प्रभावित परिवारको उद्धार, राहत र पुनर्स्थापनाका निम्ति २१ लाख ११ हजार १ सय ११ रुपैयाँ प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमार्फत आर्थिक सहयोग गरेको छ । संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत उपलब्ध गराईएको सहयोग रकम बराबरको चेक प्रधानमन्त्री शेरबहादुर देउवालाई बैंकअध्यक्ष रोशन केसीले हस्तान्तरण गरेका थिए । बैंकले हाल ६२ शाखा, ४ एक्स्टेन्सन काउन्टर, ४ शाखारहित सेवा ४ र ८१ वटा एटिएमबाट बैंकिङ सेवा प्रदान गरिरहेको छ ।

## मजपा अध्यक्ष कलवारका पितामाथि आक्रमण



काठमाडौं। मधेशी जनता पार्टीका अध्यक्ष महेश कलवारका पितामाथि सांघातिक आक्रमण भएको छ। बुधबार बेलुका रानीबारीमा अध्यक्ष कलवारका पितामाथि सांघातिक आक्रमण भएको हो। आक्रमणमा परेका उनका बुवाको अहिले उपचार भइरहेको छ। आक्रमणमा संलग्नमध्ये एक जनालाई प्रहरीले पक्राउ गरी अनुसन्धान गरिरहेको छ। यता, अध्यक्ष कलवारले आफूमाथि पटकपटक हत्या प्रयास भएको र असफल भएपछि आफूलाई तर्साउन बुवामाथि आक्रमण भएको मधेशवाणीलाई बताएका छन् । उनले आक्रमणकारीमध्ये एक जनालाई प्रहरीले पक्राउ गरे पनि सार्वजनिक नगरेको गुनासो गरेका छन्। उनले आक्रोश पोख्दै भने, 'आक्रमणकारी बारे म जान्न चाहन्छु तर, प्रहरीले सार्वजनिक पनि गर्दैन र कारबाही प्रक्रिया पनि अगाडि बढाउँदैन।' उनले आफूले जाहेरी दिए पनि प्रहरीले खासै चाँसो नदिएको आरोप लगाएका छन्। यसअघि पनि अध्यक्ष कलवारले आफ्नो राजनीतिक चरित्र हत्या गर्ने उद्देश्यले विभिन्न किसिमका षड्यन्त्रहरु भइरहेको आरोप लगाएका थिए।




# सेनाको संयुक्त अभ्यास सम्पन्न



रूपन्देही । जिल्लाको सालझण्डीस्थित नेपाली सैनिक ब्याट्ल स्कूलमा मिति भाद्र १८ गतेदेखि सञ्चालन भएको नेपाली सेना र भारतीय सेनाको संयुक्त अभ्यास INDO-NEPAL BATTALION LEVAL COMBINED TRAINING "EX-SURYA KIRAN-XII" को शनिबार बलाधिकृत रथी बलदेव राज महतले एक विशेष कार्यक्रमका बीच समापन गरेका छन् । प्रतिविद्रोह तथा प्रतिआतंकवाद र विपद् व्यवस्थापन सम्बन्धि विषयहरू समावेश गरि संचालन भएको उक्त संयुक्त अभ्यासमा नेपाली सेनाबाट प्रमुख सेनानी जयन्द्र के.सी. र भारतीय सेनाबाट महासेनानी ललित मोहन मिश्राको नेतृत्वमा दुवै देशका करिब ३००/३०० जना नफ्रि सहभागी भई अभ्यास सञ्चालन भएको थियो ।

# मुख्यमन्त्री र सांसद बस्ने ठाउँ अन्योलमा

काठमाडौं। मंसिर १० र २१ गते प्रदेश र प्रतिनिधि सभाको निर्वाचनको मिति घोषणा भइसकेको छ। केन्द्रीय चुनाव नियमित भएपनि नेपालमा प्रदेश सभाको चुनाव पहिलोपल्ट हुन लागेको हो । पहिलो पल्ट बन्ने प्रदेश सभाले मुख्यमन्त्री छान्नेछ। मुख्यमन्त्रीले प्रदेश सरकार बनाउने छन्। निर्वाचन हुन दुई महिनामात्र बाँकी हुँदा नयाँ बन्ने प्रदेश सभाको बैठक कहाँ बस्छ? मुख्यमन्त्रीले कुन ठाउँमा सपथ लिन्छन? उनी कहाँ बस्छन? कुनै टुङ्गो छैन। नेपालको संविधानले प्रदेश सरकार गठन अघि त्यसको व्यवस्थापन गर्नेजिम्मा प्रदेश प्रमुखलाई दिएको छ। तर सरकारले अहिलेसम्म प्रदेशको राजधानी तोकेको छैन् भने न त प्रदेश प्रमुख नै नियुक्त गरेको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले अन्तरिम रुपमा पाँच विकास क्षेत्रमा रहेका क्षेत्रीय कार्यालयलाई प्रदेशका रुपमा प्रयोग गर्नेतयारी गरिरहेको छ। संविधानमा सरकारले प्रदेश राजधानी तोक्ने र पछि प्रदेश सभाले त्यो चित्त नबुझे परिवर्तन गर्न सक्ने व्यवस्था छ। तर अहिलेसम्म मन्त्रिपरिषद्ले प्रदेश र ाजधानी तोकिसकेको छैन। सरकारले अहिले सात प्रदेशमा उच्च अदालत राखिसकेको छ। प्रदेश नम्बर एकको विराटनगर, दुईको जनकपुर, तीनको ललितपुर, चारको पोखरा, पाँचको तुलसीपुर, छको सुर्खेत र सातको दीपायलमा नेपाल प्रहरीको एआइजी कार्यालय र उच्च अदालत स्थापना भइसकेको छ। एक नेताका अनुसार उच्च अदालत रहेका स्थानमा नै राजधानी राख्ने विषयमा दलहरु सहमत छन्।

# मधेश र...

सताब्दीसम्म पनि मधेशीहरु जीवित थिए । तर गोर्खा साम्राज्य विस्तार का क्रममा मधेशीहरु दास बनाइए । गोर्खाली दासत्वमा बस्ने बानी मधेशीलाई यसरी लाग्यो कि उसले आफूलाई मृत घोषणा गरे । प्रत्येक दशक मधेश र मधेशी दासत्वमा झनै गाँजिदैछन् । सायद, मधेशमा क्रिष्चन धर्मको बाहुल्य भएको भए मधेशीहरुको लासमाथि 'मोम' लगाइर कफिनमा राख्दिा मधेशको कुनै भुभाग लासले खाली हुने थिएन होला । अव त्यो लासमाथि सांश भर्न बाँकी छ । त्यो कफिनभित्रका लासलाई जिउँदो पार्न आलाउदिनको चिराग आवश्यक छ । मधेशीहरुले अब सोंच्नु पर्ने दिन आएको छ । फरक शैलीमा सोंच्नु पर्नेछ, जसले दासत्वलाई मुक्तिको मार्गमा लगोस् । गोर्खा साम्राज्यलाई नियन्त्रण गर ोस् । मधेशबाट भेंडातन्त्रको अत्य होस् र मधेश पुनः मधेश बनोस् ।



ldlynf bz{g 6L=eL=
कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

विशेष जानकारीका लागि सम्पर्क
मोबाइल : ९८४३१४६४८८
कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं